# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जेष्ठ नागरिकको सवाल विश्वकै ज्यादै महत्वपुर्ण तथा चुनौतिपुर्ण सवाल बन्न पुगेको छ । विगतका केहि दशक यता जेष्ठ नागरिकको जनसंख्यामा क्रमशः बृद्धि हुदै आइरहेको छ । विभिन्न राष्ट्र तथा संघ संस्थाहरुले सामाजिक, आर्थिक, राजनीतिक तथा वैज्ञानिक सबै तबरले जेष्ठ नागरिकका बारेमा सवाल उठाएको पाईन्छ । जेष्ठ नागरिकको संख्यामा वृद्धि हुनुमा मृत्युदर घट्नु तथा औषत आयु वृद्धि हुनु साथै स्वास्थ्य, सुविधा, राम्रो खाना आदि कारण हुन् (Doranga, 2007).

आजको एक्काइसौं शताब्दीमा विश्वमा बृद्धहरुको संख्या बढेको छ । यसको कारण बालबच्चा र प्रौढको संख्यामा कमि आएको छ । मृत्युदर घट्नु साथै सामाजिक स्वास्थ्यमा सुधार आउनको फलस्वरुप विश्वव्यापी रुपमा बृद्धहरुको संख्या बढ्दै गइरहेको छ । यसबाट नेपाल पनि अछुतो छैन । नेपालमा ६० वर्ष भन्दा बढी उमेर भएका मानिसलाई बृद्ध भनिन्छ । नेपालको जनगणना सन् २००१ का अनुसार १५ लाख भन्दा धेरै मानिसहरु बृद्ध छन् । जसले कुल जनसंख्याको ६.५ प्रतिशत जनसंख्या जनाउछ । यसरी दिनानु दिन जनसंख्या बुढ्यौलितिर संक्रमण हुदै गएको छ । जनगणना सन् २०११ का अनुसार कुल जनसंख्यामा २१ लाख भन्दा बढी बृद्धहरुको जनसंख्या पुगेको छ । अनुपातको हिसाबले ८.१ प्रतिशत रहेको छ । तिब्र जनसङ्ख्या बृद्धि हुदै गर्दा सरकारले यसलाई घटाउने प्रयास गऱ्यो । जसको फलस्वरुप बृद्धहरुको जनसंख्या बढ्दै गयो (Chalise, 2006).

नेपालको जेष्ठ नागरिक ऐन २०६३ अनुसार ६० वर्ष माथिका मानिसलाई जेष्ठ नागरिक भनिए पनि उमेर र सेवा सम्बन्धमा नेपालमै केहि भिन्नताहरु रहेका छन् । यसले पनि केहि क्षेत्रहरुमा जेष्ठ नागरिक रहँदा पनि सेवामा अवसर प्राप्त भएका देखिन्छन् भने केहि क्षेत्रमा सेवा निवृत हुने वित्तिकै जेष्ठ नागरिक हुने अवस्था सृजना भएको छ । नेपाल सरकारले निजामति सेवामा ५८ वर्षलाई अवकासको उमेर मानेको छ, भने संयुक्त राष्ट्र संघले पनि ६० वर्ष उमेर पुगेकालाई अवकास दिने गर्दछ । त्रिभुवन विश्वविद्यालयमा ६३ वर्ष र त्यस्तै जिल्ला तथा पुनरावेदन अदालतका न्यायधिसका लागि ६३ र सर्वोच्चका न्यायधिसका लागि

६५ वर्षलाई उमेर हद राखिएको छ । यस्तै संवैधानिक निकाएमा ६५ वर्ष उमेर हद राखिएको छ र ७५ वर्ष नाघेपछि सामाजिक सुरक्षा भत्ता पनि सरकारबाट उपलब्ध हुन्छ । संयुक्त राष्ट्र संघले पनि आफ्नो आर्थिक कार्यक्रममा जेष्ठ नागरिकको कार्यक्रम जस्तो अक्टोवर (१ तारिक) लाई अन्तराष्ट्रिय  बृद्ध वर्ष र जुन १५ लाई विश्व जेष्ठ नागरिक दुर्व्यहार विरुद्धको चेतना कार्यक्रमको रुपमा मनाउने गर्दछ । जसलाई नेपालमा पनि मनाउँदै आइरहेको छ (अधिकारी, २०१३) ।

जेष्ठ नागरिकहरु परिवार, समाज तथा राष्ट्रका अमुल्य निधि हुन् । जेष्ठ नागरिकहरुका अनुभव, सीप र ज्ञानबाट परिवार, समाज र राष्ट्रले धेरै फाईदा लिन सक्छन् । विसं २०५८ को जनगणनामा कुल जनसंख्याको ६.५ प्रतिशत अर्थात झण्डै १५ लाख भन्दा माथि पुगेको छ । यसबाट के पुष्टि हुन्छ भने जेष्ठ  नागरिकहरुको सख्या बढ्ने क्रममा छ । स्वास्थ्य क्षेत्रमा भएको सुधारका कारण मृत्युदर, बाल मृत्युदर तथा मातृ मृत्युदरमा आएको कमि र औसत आयुमा बृद्धि भई आउँदा दिनहरुमा जेष्ठ नागरिकको संख्या बढ्ने देखिन्छ (महत, २०७२) ।

बृद्ध अवस्था मानव जिवनको महत्वपुर्ण अवस्था हो । जुन अवस्था विभिन्न आरोह अवरोह पार गरेपछि आउने सबैभन्दा पछिल्लो अवस्था हो । यो मानव जिवनको चक्र नै हो । बृद्ध अवस्थालाई रोक्न र परिवर्तन गर्न सकिदैन । मानिस जब जन्मन्छ उसको बाल्यकाल शुरु हुन्छ । त्यस अवस्थामा उसको हेरचाहा, स्याहार-सुसार आमा बाबुबाट हुन्छ । जब ऊ वयस्क हुन्छ तब आफैं सक्षम बन्दै जान्छ । उसलाई अरुको  हेरचाहाको  जरुरत पर्दैन । जब मानिस प्रौढतिर परिणत हुन्छ, उसका  इन्द्रियहरु सिथिल हुदै जान्छन् । पुर्ण  रुपमा अरु माथि आश्रित  हुन बाध्य हुन्छ । यो  बृद्ध अवस्था स्वभाविक  एवं प्राकृतिक प्रकृया हो । (शर्मा २०६९)

## १.२ समस्याको कथन

वर्तमान आधुनिक समाजको सम्पूर्ण गतिविधीहरु प्रत्यक्ष रुपमा आर्थिक पक्षसंग जोडिएको पाइन्छ । आर्थिक अवस्था कमजोर भएका  वृद्ध वृद्धाहरुले प्राप्त गर्नुपर्ने स्याहार, सुसार, सम्मान र सत्कार प्राप्त गर्न सकेका छैनन् । सोधकर्ता अमृता शर्माले “आश्रममा आश्रित वृद्ध वृद्धाहरुको जिवन शैली” को वारेमा अध्ययन गरेकी छन् । त्यसै गरी शोधकर्ता कलावति अधिकारीले पनि “आश्रममा आश्रित वृद्ध वृद्धाहरुको जिवन शैलिको विद्यमान अवस्था”

सम्वन्धि अध्ययन गरेकी छन् । त्यसै गरी शोधकर्ता उमा गुरुङ्गले “ग्रामिण समाजका जेष्ठ नागरिकहरुको सामाजिक तथा आर्थिक अवस्था” को वारेमा अध्ययन गरेकी छन् । माथि उल्लेखित सबै शोधहरुले जेष्ठ नागरिकहरुको जिवन यापनमा भ्रेल्नु परेका कठिनाईहरु आर्थिक तथा सामाजिक, धार्मिक जिवन र आश्रममा आश्रित हुनपरेको पिडालाई समावेश गरेका छन् । सरकारले दिने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा अध्ययन नभएको हुदा मैले यस विषयलाई मेरो शोधपत्रमा समावेश गरेको छु ।

जेष्ठ नागरिकको सम्मान र संरक्षण स्वरुप उनीहरुको जिवनमा केहि राहत मिलोस, जिवन यापनमा केहि सहज र सरलता पुगोस भन्ने उद्देश्यका साथ नेपाल सरकारले वि.स. २०५१ साल देखि ७५ वर्ष पुरा भएर ७६ वर्षमा प्रवेश भएका जेष्ठ नागरिकहरुलाई भत्ता दिने व्यवस्थाको सुरुवात गरेको थियो । त्यस समयमा रु.१०० मासिक भत्ता स्वरुप दिने गरिन्थ्यो । समयको परिवर्तन, सरकार परिवर्तन र जेष्ठ नागरिकहरुको मागको कारणले विभिन्न समयमा सरकारले दिने भत्तामा परिवर्तन आएको र वर्तमान समय सम्म आइ पुग्दा ७० वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई रु.२००० मासिक दरले छुट्याएको छ । त्यो सरकारले दिएको भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा अध्ययन गरिएको छु । जेष्ठ नागरिकहरुलाई यो रकम प्रर्याप्त भएको छ कि छैन ? त्यो रकमलाई उनीहरुले के के प्रयोजनमा खर्च गर्छन भन्ने विषयमा खोज गर्ने जमर्को गरेको छु ।

**अनुसन्धानका प्रश्नहरु**

१. जेष्ठ नागरिकहरुले भत्ता कस्ता कस्ता शिर्षकहरुमा खर्च गर्ने गर्दछन ?

२. भत्ताले जेष्ठ नागरिकहरुको जिवनमा कस्तो प्रभाव परेको छ ?

३. भत्ताको व्यवस्था नभएको भए जेष्ठ नागरिकहरुको जिवनमा कस्तो प्रभाव पर्ने थियो ?

४. भत्ताको रकमले जेष्ठ नागरिकहरुको न्युनतम आवश्यकता परिपूर्ति भएको छ कि छैन ?

## १.३ अध्ययनको उद्देश्य

सामाजिक सुरक्षा भत्ता अर्न्तरगत पर्ने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले जेष्ठ नागरिकहरुको जिवन यापनमा परेको प्रभावको अध्ययन गर्नु यो शोधको साधारण उद्देश्य हो ।

विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१. जेष्ठ नागरिकहरुलाई दिने सामाजिक सुरक्षा भत्ता प्रतिको दृष्टिकोणको जानकारी लिने ।

२. भत्ताको प्रयोग शैली र प्रभावको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

विज्ञान र प्रविधिको विकासले जसरी मानव जिवनमा सहजता र सरलता ल्याएको छ । असम्भवलाई सम्भव बनाइ दिएको छ । त्यसरी नै स्वास्थ्य क्षेत्रमा आएको परिवर्तनले मानिसको औषत आयुमा बृद्धि गराई दिएको छ । विगतको तुलनामा मृत्युदर र प्रजनन् दर क्रमश घट्दै गइरहेको छ । विज्ञान प्रविधि र शिक्षाले यो सम्भव भएको हो । पुँजीवाद, औद्योगिकीकरण, सहरीकरण, पश्चिमीकरण र आधुनिकीकरणले मानिसलाई क्रमश व्यक्तिबादी बनाउँदै लगेको छ । यस्तो परिवेशमा बृद्धहरुलाई परिवारका सदस्य, समुदाय, समाज र राष्ट्रले उचित स्थान दिन सकेको छैन । त्यसकारण बृद्धहरुलाई एक्लोपन र बोझ भएको अनुभव भइरहेको छ । समाज, सामाजिक संरचना र पारिवारिक संरचनामा आएको परिवर्तनले गर्दा जेष्ठ नागरिकको जिवनमा नकारात्मक असर पुऱ्याएको छ । नेपाल विकास उन्मुख राष्ट्र हो । यहाँको आर्थिक बृद्धिदर कम छ । सरकारले प्रर्याप्त मात्रामा नागरिकहरुको सेवा, सुरक्षामा लगानी गर्न सकेको छैन । परिवारको सदस्यले पनि जेष्ठ नागरिकहरुको आधारभुत आवश्यकता परिपूर्ति नगरी दिने र राष्ट्रले पनि उचित संरक्षण दिन नसक्दा वर्तमान समयमा जेष्ठ नागरिकको अवस्था अत्यन्तै दयानिय बन्दै गएको छ । सरकारले दिने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट जेष्ठ नागरिकहरुको जिवनमा कस्तो खालको प्रभाव परेको छ । उनीहरुले भत्ता के के प्रयोजनमा प्रयोग गरेका छन् । उनीहरुको न्यूनतम आवश्कता परिर्पूति गर्नमा भत्ताले कस्तो भुमिका निर्वाह गरेको छ ।

भत्ता प्रति जेष्ठ नागरिकहरुको दृष्टिकोण कस्तो छ । इत्यादि कुराहरुलाई यस शोध पत्रमा उजागर गर्न खोजेको छु ।

## १.५ अध्ययनको सिमा

यो शोध कार्य स्नातकोत्तर तह दोस्रो वर्ष शोधपत्रको प्रयोजनका निमित्त तयार गरिएको छ । अध्ययनको समय  सिमा तथा सिमित खर्च भित्र रहेर यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउने बाध्यता आफ्नो ठाउँमा रहेको छ । अध्ययनमा खास गरी पोखरा महानगरपालिका वडा नं. ३३ अर्न्तगत पर्ने बरपौवा, बरमाझथर, डाँडा गाउँ, चवादि र पुडिटार समुदायमा बस्ने जेष्ठ नागरिकहरुलाई सरकारले दिने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा अध्ययन केन्द्रित रहको छ । यस अध्ययनले सबै जेष्ठ नागरिकको प्रतिनिधित्व नगर्न पनि सक्दछ । त्यसैले यो अध्ययनबाट प्राप्त नतिजालाई सामान्यकरण गर्न मिल्ने छैन् ।

### समेटिएका कुराहरु

अध्ययनको कममा नेपाली नागरिकतामा निरधारित उमेरको आधारमा ७० बर्ष भन्दा माथिका वृद्ध  भत्ता लिएका जेष्ठ नागरिकहरुलाई समावेश गरिएको छ । अध्ययन क्षेत्रमा स्वयमं शोधकर्ता नै उपस्थित भएर अन्तरवार्ता अनुसुचिको माध्यम वाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

### समेट्न नसकिएका कुराहरु

अध्ययनको क्रममा सबै उत्तरदाताहरुलाई भेट्न सकिएन केहि उत्तरदाताहरु देश बाहिर छोरा बुहारी संग घुम्न गएको, केहि उत्तरदाताहरु तिर्थ यात्रा गएको र केहि उत्तरदाताहरु माइत गएको पाइएको थियो । यस्ता उत्तरदाताहरुलाई भेट्न असम्भब भएको हुदा प्रत्यक्ष रुपमा उनीहरुको घर परिवारका सदस्यहरुको सहयोगले अर्न्तवार्ता अनुसचीको माध्यमवाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

## १.६ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतय सात अध्यायमा विभाजन गरिएको छ । अध्याय एक, परिचय राखिएको छ । जस अन्तरर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य,

अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको सङ्गठनात्मक ढाँचा राखिएको छ । अध्याय दुई, पूर्व साहित्यको समिक्षा र सैद्वान्तिक ढाँचा राखिएको छ । जस अन्तगत वुढ्यौलि संग सम्वन्धित सिद्धान्त, सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय र अन्तराष्ट्रिय इतिहास, ज्येष्ठ नागरिक सम्बन्धि नेपालमा भएका प्रयासहरु र जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ समावेश गरिएको छ । अध्याय तीन, अनुसन्धानको पद्धति राखिएको छ । यस अध्याय भित्र अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धानको ढाँचा, समग्र अध्ययन विधि, तथ्याङ्कको प्रकृति र तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई समावेश गरिएको छ । अध्याय चार अन्तरगत, उत्तरदाताहरुको सामाजिक पृष्ठभुमी समावेश गरिएको छ । अध्याय पाँच अन्तरगत, भत्ता प्रतिको दृष्टिकोण समावेश गरिएको छ । अध्याय छ अन्तरगत, जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र प्रभाव समावेश गरिएको छ । अध्याय सातमा साराशं र निष्कर्ष राखिएको छ जस अर्न्तगत अध्ययनको साराशं, मुख्य प्राप्तिहरु र निष्कर्ष राखिएको छ ।

# अध्याय : दुई
# पुर्व साहित्यको समिक्षा र सैद्धान्तिक ढाँचा

## २.१ अवधारणा र सैद्धान्तिक समिक्षा

### बुढ्यौलि सम्वन्धित सिद्धान्त

बुढेसकाल अन्य सामाजिक घटनाहरु जस्तै विश्वव्यापिकरण भएको छ । २१ औं शत्ताब्दीमा प्राय:जसो देशहरुमा यो मुख्य चिन्ताको बिषय बन्दै गएको छ । वुढ्यौलि समाज मानव विकासको एक असिमीत परिणाम हो । समाजशास्त्रीहरुले यस बिषयलाई आधुनिकताको रुपमा जनाउन सक्छन् । सार्वजनिक स्वास्थ्यको दृष्टिकोणबाट बुढेसकाल एक महामारी र डेमोग्राफिक परिवर्तन वा स्वास्थ्य सक्रमणको एक संयोजन हो । यो संक्रमणले शिशु वाल र मातृ मृत्युदरमा परिर्वतन ल्याएको छ । स्वास्थ्य क्षेत्रमा आएको सुधारले वुद्धहरुको आयु, मृत्युदर र जन्मदरमा परिवर्तन भएको छ । जसले गर्दा वृद्धहरुको जनसंख्या वढ्दै गएको छ । यो संक्रमण पहिले युरोप र उत्तरी अमेरिका समाजहरुमा देखा पर्यो त्यसपछि जापान, दक्षिण कोरिया र सिंगापुर जस्ता देशहरुमा देखापऱ्यो । यस किसिमको द्रुत परिर्वतनको परिणाम हालसालै चीन इकाडोर र दक्षिण अफ्रिका जस्ता मध्य आय भएका देशहरुमा देखा परेको छ (Parker, Khatri, Cook, pant[2], 2014).

नेपालमा ६० वर्ष भन्दा माथिको उमेर समुहलाई वृद्धको रुपमा लिइन्छ । जनगणना सन् 2051 मा बृद्धहरुको जनसंख्या ५.०% थियो । सन् 1991 मा बृद्धहरुको जनसंख्या ५.८% वृद्धि भएको पाईयो त्यसै गरी सन् २००१ मा बृद्धहरुको जनसंख्या ६.५% वृद्धि भएको पाइयो भने सन् 2011 सम्म आईपुग्दा यो संख्या बृद्धि भएर ८.१% भएको पाइयो । यसरी हेर्दा सन् २००१ र सन् २०११ बीचमा बृद्ध उमेर समुहको जनसंख्या तीव्र रुपमा बृद्धि भएको देखिन्छ (Shrestha, 2012).

वृद्धहरु ज्ञानका भण्डार हुन् । उनिहरुको आफ्नो जिवन कालमा धेरै तिता मिठा अनुभवहरु हासिल गरेका छन् । कोहि त शिक्षीत पनि छन् । यि बृद्धबृद्धाहरुलाई उपयुक्त खानपिन, वास

र स्वास्थ्य उपचार दिइएमा यिनीहरुको स्वास्थ्यमा सुधार भई आफुमा भएको ज्ञान र सिपलाई व्यवहारमा उर्तान सक्छन् । जुन बृद्धबृद्धाहरुको लागि मात्र फलदायी नभएर समाज, देश र विश्वकै लागि पनि फलदायी हुन सक्छ र यस तर्फ भने परिवार, समाज, संस्था एंव सरकारको कुनै पनि ध्यान नभएको देखिन्छ । यसको विपरीत बृद्धबृद्धाहरुलाई उनिहरुको बाँकी जिवन सुखमय तुल्याउन र उनिहरुलाई आफनो स्वइच्छामा बाच्नदिनु पर्दछ । यहि नै हाम्रो धर्म हो र मुत्तिको मार्ग पनि हो । दिर्धायु जिवन सुनिश्चित भविष्य भन्ने नाराका साथ असोज १५, २०६९ मा विश्व अन्तराष्ट्रिय दिवस मनाइएको थियो जसमा समाजलाई अहिलेको अवस्थामा ल्याई पुऱ्याउने हिजोका युवाशक्ति नै जेष्ठ नागरिक भएकाले सबैले जेष्ठ नागरिकलाई उच्च सम्मान दिनु पर्दछ । जेष्ठ  नागरिकको अनुभव, सिप र ज्ञान उपयोग गरी देश निमार्णका लागि जुटनु पर्ने । वृद्ध अवस्थाको व्यक्तिले भोग्नु परेको कष्टकर जिवनलाई सहज बनाउनु पर्ने जेष्ठ नागरिकको जोखिमपुर्ण जिवन यापनलाई सुधार गर्न युवा पुस्ताको जिम्वेवारी हुन्छ (यादव, २०६९) ।

दक्षिण एसियामा नै पहिलो पटक वि.स. २०५१ सालमा जेष्ठ नागरिकका लागि नेपाल सरकारले वृद्ध भत्ताको व्यवस्था गरेको यसले वृद्धभत्ताको जिवनमा थोरै भए पनि सहजता ल्याएको छ । विश्वमा बढदै गएको मानिसको औषत आयुको प्रभावका कारण नेपालमा पनि जेष्ठ नागरिकहरुको संख्या बढदै गए पछि र त्यसलाई सहज र सम्मानजनक बनाउन आवश्यक भएको वताएको छ । संसारमा ६० वर्ष उमेर पुगेका मानिस ७६ करोड छन् भने यो संख्या सन् २०५० सम्ममा दुई अर्व पुग्ने अनुमान गरिएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार ६० बर्ष उमेर पुगेका नागरिकको कुल जनसंख्या ८.१% रहेको छ ( रा.स.स, २०६९) ।

घेरै जसो वृद्धावृद्धाहरु कृषिमा भर परेका र गरिबीको रेखामुनी रहेका छन् । जसका कारण उनीहरु परिवारबाट भिन्न,अशिक्षित,स्वास्थ्थ समस्याबाट पिडित, भेदभावबाट पिडित रहेका छन्। गरिबीकै कारण उनीहरुको स्वास्थ्थ नराम्रो छ । उनीहरु आफनो गास, वास र कपास जस्ता न्यूनतम आवश्यकता पूर्ति गर्न समेत असमर्थ छन् । साथै पुरुषभन्दा पनि विधुवा महिला अभ्कै बढी अपहेलित र पीडित छन् । यसका साथै वृद्धवृद्धाहरुको अरुमा अश्रितदर बढिरहेको छ । सन् १९९१ मा ७.५% थियो भने २००१ मा आइपुग्दा यो दर वृद्धि भएर १२.०१% पुगेको छ (Dahal, 2007).

बढ्दो शहरीकरण र औद्योगिकीकरण एवम् व्यापारिक क्रियाशिलताले परिवारमा काम गर्न सक्ने  व्यक्ति विहानै देखि घर बाहिर निस्कने हुदाँ घरमा वृद्धवृद्धा एक्लै बस्नु पर्ने बाध्यता हुन्छ । गाउँ घरमा पनि अशक्त वृद्धवृद्धाले एक्लै एउटा कुनामा बसेर दिन काट्नु पर्ने परम्परागत परिस्थिती छ । वृद्धवृद्धाले आफ्नो यस स्थितीलाई भगवानको कृपा अथवा भाग्यको खेल भनेर चित्त बुझाउनु पर्ने बाध्यता छ । यत्ति मात्रै नभएर वृद्धवृद्धाले परिवारिक हेला, अपमान र तिरस्कार समेत निरन्तर सहदै र भोग्दै आउनु परेको छ । खास गरी आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारमा उनीहरुले अत्याधिक पिडा र अपमान सहनु परेको देखिन्छ (प्रधान, २०६५) ।

नयाँ सविधानमा ज्येष्ठ नागारिक


जीवन भरि आर्जन गरेको सम्पत्तिमा छोरा छोरीहरुको हक लाग्ने कानुनी व्यवस्था छ । तर त्यो सम्पत्ति उपभोग गर्ने छोरा छोरीले वृद्ध वावु/आमालाई अनिवार्य कानूनी रुपमा स्याहारसुसार गर्नु पर्ने कानूनी बाध्यता छैन । वावु आमाले आर्जन गरेको सम्पत्तिमा जसरी छोरा छोरीको कानूनी हक लाग्ने व्यवस्था छ । त्यसै गरी वृद्ध वावु आमालाई पालन पोषण गर्नुपर्ने अनिवार्य कानूनी व्यवस्था गर्नुपर्छ । यस कुराले नयाँ सविधानमा स्थान पाएमा सम्पत्ति हकभोग गर्ने जो सुकैले पनि वृद्धवृद्धालाई स-सम्मान पालन पोषण गर्नुपर्ने कानूनी व्यवस्था मिलाउनु पर्छ । मुलुकमा ज्येष्ठ  नागरिकको गुनासो गर्ने सुनुवाई हुने ठाउँ कतै छैन । त्यसैले कमसेकम ज्येष्ठ नागारिकको दु:ख, दर्द र गुनासो पोख्नका निम्ति महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अर्न्तगत तत्कालै छुटै व्यवस्था गर्न आवश्यक छ (प्रधान, २०६५) ।

## २.२ सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय र अन्तराष्ट्रिय इतिहास

सन् (१९९४, डिसेम्बर, २६) गतेका दिन नेपालका तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीबाट सर्वप्रथम ७५ वर्ष पुरा भएका महिला र पुरुष वृद्ध वृद्धाहरुलाई वृद्ध भत्ता ( सामाजिक सुरक्षा भत्ता ) स्वरुप मासिक रु १०० दिने घोषणा भएको थियो । यो कार्यक्रम ५ वटा विकास क्षेत्रको ५ वटा जिल्लामा पूर्व परिक्षण  ( पाइलट सर्वे ) का आधारमा सञ्चालनमा ल्याईएको थियो । जसलाई ( Oldage Allowance  Program - OAP ) कार्यक्रम भनिन्थ्यो । यो कार्यक्रम सन् 1995-96  January 2nd  to July  सम्म सकिने

गरी भत्ता वितरणको कार्य सुरुवात भएको थियो । यो कार्यक्रम बाट १०० जना पुरुष र ११८ जना महिलाले भत्ता लिएका थिए ।

**रेखाचित्र : १ लागुको लागि प्रशासनिक संरचना**




सन् 1996-97 को समयमा निर्वाचित नेपाली काँग्रेस सरकारले ७० वर्ष भन्दा माथिका, विधुवाको लागि पनि भत्ताको व्यवस्था सुरुवात गरेको थियो । मासिक रु.१०० विधुवा असाह्यलाई वितरण गरेको थियो र सन् १९९९ मा नेपाली कांग्रेसको सरकारले वृद्धा भत्ता बढाएर रु १५० पुऱ्याएको थियो (Irudaya, 2008).

**योग्यताको मापदण्द**

सवै नेपाली महिला र पुरुष ७५ वर्ष पुरा भई ७६ वर्षमा प्रवेश गरे पछि मात्र भत्ताको लागि योग्य हुने छन् । स्थानिय विकाश मन्त्रालयद्धारा जारी निर्देशन अनुसार वृद्धाभत्ता नेपाली नागरिक र नागरिकतामा भएको उमेरको आधारमा सामाजिक सुरक्षा भत्ता लिन आवेदन दिन योग्य हुनेछन् (Irudaya, 2008).

**तालिका नं. २.१: नेपालको वृद्ध उमेर समुहको जनसंख्याको अवस्था**

| जनगणना वर्ष | जनसंख्या (६०+) | जनसंख्या वृद्धि दर | | वृद्धहरुको प्रतिशत (+६०) | | | वृद्धहरुको प्रतिशत (+६०) | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | वृद्ध | ग्रामिण | शहर | जम्मा | पुरुष | महिला |
| २०१८ | ४८९३४६ | १.६५ | १.७९ | ५.२२ | ५.२३ | ५.२ | ४.८ | ५.६ |
| २०२८ | ६२१५२९ | २.०७ | २.४२ | ५.६३ | ५.१२ | ५.४ | ५.३ | ५.९ |
| २०३८ | ८५७०६१ | २.६६ | ३.२६ | ५.७४ | ५.११ | ५.७ | ५.९ | ५.५ |
| २०४८ | १०७१२३४ | २.१ | २.२६ | ५.९५ | ४.९९ | ५.८ | ५.९ | ५.७ |
| २०५८ | १५०४३११ | २.२४ | ३.४ | ६.६ | ५.७ | ६.५ | ६.४ | ६.३ |
| २०६८ | २१५४४१० | | | | | | ६.८ | ७.१ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग २०१८-२०६८

सन् 1936 मा अमरेकी राष्ट्रपति रुजवेल्टले आम नागरिकमा सामाजिक सुरक्षाको अवधारणालाई अगाडि बढाएको पाईन्छ । सुरुमा ज्येष्ठ नागरिकलाई पेन्सन दिने अवधारणाबाट अगाडि सारेको सामाजिक सुरक्षा भत्तामा बजेट विनियोजन भएको पाईन्छ । मानवअधिकार सम्बन्धी घोषणापत्र सन् 1948 र नागरिकको राजनैतिक, सामाजिक एवं आर्थिक अधिकार सम्बन्धी सन् 1966 मा सामाजिक सुरक्षा क्षेत्रमा थुपै रकम विनियोजन हुने गरेको छ। तर त्यसले लक्षित वर्ग लाभान्वित भयो भएन अनुगमन र मुल्याङ्कनको पाटो कमजोर देखिएको छ । ज्येष्ठ नागरिक सामाजिक सुरक्षा क्षेत्रमा राज्य मात्र होइन अर्न्तराष्ट्रिय संघ संस्था एंव दातृ निकायहरु पनि कम्मर कसेर लागेका छन् (पौडेल, २०६९)।

राष्ट्रिय सामाजिक साहायता योजना कार्यक्रम, केन्द्रिय प्रयोजन योजना इन्डिया, सरकारले वृद्ध, विधुवा र अपाँगता भएका व्यक्तिहरुलाई आर्थीक सहयोग गर्न लक्ष्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको थियो । इन्डियाको संविधान अनुसार राज्यले बेरोजगारी ,वृद्ध उमेर समुह, विरामी र अपाँङ्ग भएका व्यक्तिहरुलाई सन् 1995 वाट राष्ट्रिय सामाजिक साहायता योजना कार्यक्रम लागु गरेको थियो । यो योजनाले मुख्यत तीन वटा योजनालाई जोड दिएको थियो ।

१. राष्ट्रिय वृद्ध उमेर पेन्सन योजना

२. राष्ट्रिय परिवार सहायता योजना

३. राष्ट्रिय मातृत्व सहायता योजना

यि योजना कुनै आम्दानिको स्रोत नभएका परिवारबाट आर्थिक सहयोग नभएकाले मात्र पाउने छन् ।

सन् 2000 अन्नपूर्ण योजना कार्यक्रम सञ्चालन गरी राष्ट्रिय वृद्ध उमेर पेन्सन योजना भित्र नपरेका योग्य व्यक्तिहरुले १० के जि चामल सित्तैमा मा पाएका थिए ।

सन् 2001: राष्ट्रिय मातृत्व सहायता योजनालाई परिवार कल्याण विभागमा स्थानान्तरित गरियो ।

सन् 2006: पेन्सन स्वरुप राष्ट्रियवृद्ध उमेर पेन्सन योजनामा रु ७५ देखि रु २०० दिने गरियो ।

सन् 2007: राष्ट्रिय सामाजिक साहायता योजनाले गरिबीको रेखामुनि रहेका वृद्ध उमेर भएका व्यक्तिलाई राष्ट्रिय वृद्ध उमेर पेन्सन योजना लागु गरेर कार्यक्रमको सञ्चालन गरिएको थियो ।

सन् 2009: राष्ट्रिय साहायता सामाजिक योजनाले विस्तारित ईन्दिरा गान्धी राष्ट्रिय विधुवा पेन्सन योजनाको सुरुवात भयो ४० देखि ६४ वर्ष सम्मको लागि विधुवा भत्ता को व्यवस्था गरियो । ईन्दिरा गान्धी राष्ट्रिय अपांग पेन्सन योजना पनि शुरुवात गरियो । १८ देखी ६४ वर्ष मुनिका गरिबहरुलाई पेन्सनको व्यवस्था गरियो ।

सन् 2011: ईन्दिरा गान्धी राष्ट्रिय वृद्ध पेन्सनको योजनाले ६० देखी ७९ वर्ष उमेर समुहलाई मासिक रु २०० उपलब्ध गराएको थियो भने ८० वर्ष माथिका वृद्ध उमेर समुहका मानिसलाई रु ५०० मासिक दिएको थियो ।(Asher and Kitmura, 2015).

## २.३ ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सम्बन्धि नेपालमा भएका प्रयासहरु

विकसित देशहरुमा बृद्धहरुलाई राम्रो सुविधाहरु छन् । तर नेपालमा बृद्धहरुप्रति सरकारको नीति सन्तोषजनक छैन । सरकारले बृद्धहरुको लागि केहि प्रयत्न गरेतापनि अहिलेको वर्तमान युगमा प्रशस्त देखिएको छैन । केहि अन्तराष्ट्रिय सभाले बुढ्यौली अवस्थालाई अन्तराष्ट्रिय समुदायमा आफैमा इज्जत र मानविय अधिकार भनेका छन् । आठौं पञ्चवर्षिय योजना अनुसार नेपालले अति दुःख पाएका बृद्धहरु (७५ बर्ष माथि) लाई पेन्सन दिने योजना

सामाजिक सुरक्षा कार्यक्रम दिलाएको छ । नेपालको संविधान वि.सं. १९९० अनुसार बृद्धहरुको हेरचाह र सुरक्षालाई परिवर्तन गर्न मुख्य उद्देश्य हो । यो संविधानले बृद्ध मानिसहरुमा हेरचाहका लागि विशेष कानुन बनाउने नियुक्ति दिएका छन् । वि.सं. १९९० मा यस विषयमा थोरै काम भएको छ । जसलाई अन्तराष्ट्रिय बृद्ध वर्ष भनिन्छ । आफ्नो कामबाट अवकास पछि सामाजिक सुरक्षा भत्ता (पेन्सन) निजामति सेवा शिक्षक र मजदुरलाई मात्र उपलब्ध छ (विष्ठ, २००१) ।

स्थानिय स्वायत्त शासन ऐन २०५५ ले पनि गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारमा अनाथ बालबालीका, असहाय महिला, बृद्धबृद्धा, अपाङ्गको संरक्षण गर्न अधिकार उल्लेख भएको छ । त्यसै गरी श्री ५ को सरकारले २५ भन्दा बढि जिल्लाहरुमा जेष्ठ नागरिक औषधि उपचार नीति लागु गरेको छ । जस अर्न्तगत असहाय बृद्धले वर्षमा बढिमा २ पटकसम्म २ हजारका दरले औषधि उपचार गर्न पाउने व्यवस्था गरेको छ । शाखाको तर्फबाट ७५ वर्ष पुगेका नागरिकहरुलाई मासिक रु १७५।- भत्ता दिने व्यवस्था गरेको छ । त्यस्तै श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सामाजिक सुरक्षा तथा सुधार शाखाको तर्फबाट जेष्ठ नागरिक नीति तथा कार्यनीति २०५८ तयार गरी लागु गर्न प्रयास भएको छ । यस नीतिमा मुख्य रुपमा आर्थिक पक्ष, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा सुविधा र सम्मान, सहभागिता र संलग्नत, शैक्षिक र मनोरञ्जनात्मक पक्ष आदिबारे उल्लेख गरिएको छ । नवौं पञ्चवर्षिय योजनामा बृद्ध बृद्धा सम्बन्धी नीतिमा बृद्ध भत्तालाई सरल बनाउने केद्रिय तथा क्षेत्रीय अस्पतालहरुमा सहुलियत दरमा स्वास्थ्य परिक्षण तथा उपचार प्रदान गर्ने व्यवस्था गरिएको छ (ज्ञवाली, २००५) ।

नेपालको परिप्रेक्षमा परम्परागत संयुक्त परिवारमा रहने जेष्ठ नागरिकहरुलाई प्रदान गर्नुपर्ने आधारभुत सेवा तथा सुविधा पर्याप्त मात्रामा उपलब्ध गराउन नसकेका जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा सुविधा क्षमता उपयोग आदिमा अपेक्षित रुपमा काम सञ्चालन गर्न नसकिएता पनि केहि कल्याणकारी संरक्षणात्मक कार्य थालनी भएको छ । जेष्ठ नागरिकको स्वास्थ्य उपचार सेवा, बृद्धआश्राम दिवासेवा केन्द्रहरुमा संस्थागत सहयोग अनुदान उच्चस्तरीय जेष्ठ नागरिक समन्वय समितिको गठन जेष्ठ नागरिक कल्याण कोषको स्थापना जेष्ठ नागरिक/विधुवालाई सामाजिक सुरक्षा भत्ता जस्ता महत्वपुर्ण काम भएका छन् । जेष्ठ नागरिक नीति तथा कार्यनीति वि.सं. २०५८, जेष्ठ नागरिक स्वास्थ्य उपचार

सेवा कार्यनवयन निर्देशित वि.सं. २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्य योजना वि.सं. २०६२, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि वि.सं. २०६३, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन वि.सं. २०६३ ज्येष्ठ नागरिक असहाय विधुवा तथा अशक्त अपाङ्गहरुले प्राप्त गर्ने भत्ता बृद्धि गरिनुका साथै ज्येष्ठ नागरिक सम्बन्धी नियमावलीको मस्यौदा तयार भैसकेको छ (पराजुली, २०६५) ।

## २.४ ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न एक ज्येष्ठ नागरिक कल्याण कोष स्थापना गरिएको छ । कोषमा रहने रकम केन्द्रिय ज्येष्ठ नागरिक कल्याण समितिको नाममा नेपाल राज्यको कुनै वाणिज्य वैङ्कमा खाता खोली जम्मा गरिने छ । कोषको रकम जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नको लागि मात्र प्रयोग गरिने छ । जेष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्न व्यवस्था मिलाउने । भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने छ । नेपाल सरकारले जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिक, अशक्त जेष्ठ नागरिकलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिए बमोजिम भत्ता वा सुविधा उपलब्ध गराउन सक्नेछ । नेपाल सरकारले जेष्ठ नागरिकलाई तोकिए बमोजिमको वितरण भएको परिचय पत्र जेष्ठ नागरिक वसोवास गरेको गाँउ विकास समिति वा नगरपालिका मार्फत उपलब्ध गराउने छुट र सुविधा दिइने छ । सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजानिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले जेष्ठ नागरिकको लागि कम्तीमा दुई वटा सीट सुरक्षित राख्नुपर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ ( www.dopm.gov.np, जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ ) ।

## २.५ आश्रममा आश्रित वृद्धवृद्धाहरुको जीवनशैली (विद्यमान अवस्था)

ज्येष्ठ नागरिकहरु आश्रममा आउनुको कारणहरु के-को हुन् ? उनीहरुको समस्याहरु के के छन् ? परिवार वा समाजले ज्येष्ठ नागरिकहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ? आश्रम प्रति ज्येष्ठ नागरिकहरु कतिको सन्तुष्ट छन् ? आश्रममा बस्ने ज्येष्ठ नागरिकहरुको इच्छा हो या

वाध्यता हो ? उनीहरुको दिनचर्या कसरी वितेका छन् ? इत्यादि प्रश्नहरुलाई आफ्नो उद्देश्य वनाएर "पोखरा वृद्ध आश्रम" पोखरा-१७ मा रहेको वृद्ध आश्रमको अध्ययन गरिएको थियो । (ज्येष्ठ नागरिकहरुलाई संरक्षण गरौँ सम्भव भए सम्म घरमा सम्भव नभए वृद्धाश्रममा) भन्ने मुल नाराका साथमा अगाडि वढेका पोखरा वृद्धा आश्रम अध्ययन गरिएको छ । आश्रममा आउने वृद्धाहरु धेरै जसो व्रामहण जातिको पाइयो र सबै भन्दा कम दलित जातिको रहेको पाएयो । धेरै जसो वृद्ध वृद्धाहरु परिवारबाट हेला बोझको अनुभव भएर आश्रममा बसोबास गर्ने आएको पाइयो । आश्रममा आउने धेरै जसो व्यक्तिहरु आफ्नो इच्छाले भन्दा पनि विभिन्न कारणहरुले आश्रममा बसोबास गर्ने आएको पाइयो । आश्रममा रहेका वृद्धवृद्धाहरुमा लैङ्गिक हिसाबमा हेर्दा पुरुषहरुको तुलना महिला बढी रहेको पाइयो । पोखरा वृद्धाश्रममा आउने धेरै जसो ज्येष्ठ नागरिकहरु ग्रामिण इलाकाबाट आएको पाइयो । कतिपय आश्रममा आउने वृद्धवृद्धाहरुको छोराछोरी, आफन्त कोही नभएको पाइयो । आफ्नो घर परिवार, जमिन जेथा छोडेर, छोराछोरी, नातीनातीना छोडेर आश्रममा आश्रय लिन परेकोमा धेरै ज्येष्ठ नागरिकहरु दु : खी थिए (अधिकारी, २०६८)।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

कुनै पनि अनुसन्धानलाई पुर्णता दिनको लागि विभिन्न खालका अनुसन्धानका विधिहरुको प्रयोग गरिन्छ। यस अनुसन्धानका निम्न विधिहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

जेष्ठ नागरिकहरु परिवारका सदस्य मात्र नभई राज्यका अभिन्न अगं हुन । वृद्ध अवस्था भनेको एउटा प्राकृतिक प्रकृया हो । वृद्ध उमेरमा मानिसहरु शारिरिक र मानसिक दुवै प्रकारले कमजोर हुने गर्दछन् । जेष्ठ नागरिकहरुको ईतिहासवाट नै वर्तमान राज्य व्यवस्था, राजनिति, धर्म, कला संस्कृति, भाषा र मानव समाज इत्यादिले निरन्तरता पाएको हुन्छ । हाम्रो देश विकास उन्मुख देश हो। राज्यले  असक्त, शारिरिक अपाङ्ग, एकल महिला र जेष्ठ नागरिकलाई आर्थिक सहयोग स्वरुप सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ। जसले गर्दा आर्थिक रुपमा कमजोर भएका र घर परिवारका सदस्यहरुले बेवास्था गर्ने जेष्ठ नागरिकहरुलाई यो कार्यक्रम अत्यन्तै लाभदायिक वनेको छ। पोखरा महानगरपालिका वडा नं. ३३ अन्तर्गत पर्ने वरपौवा, वरमाझथर, डाडाँगाउँ, चवादी र  पुडिटार समुदायमा वसोवास गर्ने ज्येष्ठ नागरिकहरुको जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा अध्ययन गर्ने उद्देश्यका साथमा मैले मेरो अध्ययनको रुपमा वरपौवा, वरमाझथर, डाडाँगाउँ, चवादी र पुडीटार समुदायलाई छनोट गरेको छु। ति समुदायहरुलाई छनोट गर्नको कारण त्यस समुदायमा विभिन्न जात जाति र वर्गका जेष्ठ नागरिकहरु बसोबास स्थल भएको र अहिले सम्म ति समुदायहरुमा बसोबास गर्ने ज्येष्ठ नागरिहरुको अध्ययन नभएको हुदा। मैले त्यो क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरेको हो। वडा नं. ३३ अन्तर्गत पर्ने वरपौवा, वरमाझथर, डाडाँगाउँ, चवादी र पुडीटार समुदायमा बसोबास गर्ने सम्पूर्ण जेष्ठ नागरिकहरुलाई मैले मेरो अध्ययनमा उत्तरदाताहरुको रुपमा लिएको छु।

## ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धानको उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा वर्णनात्मक र व्याख्यात्मक अनुसन्धानको ढाँचाको प्रयोग गरेको छु ।

## ३.३ जनगणना विधि

पोखरा महानगरपालिका वडा नं. ३३ अर्न्तगत पर्ने वरपौवा, वरमाझथर, डाडाँगाउँ, चवादि र पुडीटार समुदायमा बसोबास गर्ने जम्मा ३३६ घर परिवारमा जम्मा ८३ जना जेष्ठ नागरिक वसोवास गर्ने भएकाले ति सबै ८३ जना जेष्ठ नागरिकहरुलाई नै जनगणना विधिवाट छनोट गरी ति ८३ जना जेष्ठ नागरिक हरेकलाई अध्ययनको एकाई मानी अन्तरवार्ता अनुसूची, अवलोकन र वैयक्तिक अध्ययनको माध्यमवाट आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गरेकी  छु ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

शोध कार्यको उद्देश्य को आधारमा तथ्याङ्क संकलन गर्दा दुई तरिकाबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथामिक स्रोतको आधारमा तथ्याङ्क संकलन गर्दा शोधकर्ता अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई अन्तरवार्ता, अवलोकन र वैयक्तिक अध्ययनका माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । द्धित्तिय स्रोत अन्तर्गत विभिन्न पत्र-पत्रिका, पुस्तक, सञ्चारका माध्यमहरु, सूचना, विभिन्न किसिमका वेवसाईटहरु साथै विषय वस्तु सँग सम्वन्धित भएका शोधपत्र आदिको अध्ययन अनुसन्धानको क्रममा अध्ययन गरिएको छ । तथ्याङ्कको प्रकृति दुई प्रकारका हुन्छन् गुणात्मक अनुसन्धानमा अध्ययनको प्रथामिक उद्देश्य, परिस्थिती, घटना, समस्या वा कार्यको व्याख्या गर्ने गरिन्छ । संख्यात्मकता प्रयोग विना नै परिस्थिती, घटना र समस्यामा केन्द्रित रहेर विश्लेषण गरिन्छ । यस अनुसन्धानमा पनि विभिन्न विषयहरुलाई गुणात्मक अनुसन्धान गरिएको छ । घटना परिस्थिती, समस्या वा कुनै पनि विषयलाई आधार वनाएर संख्यात्मक रुपमा अनुसन्धान गर्ने यस अनुसन्धान विधिको प्रयोग गरिन्छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्क संकलन विधिहरु अवलम्वन गरिएको हुन्छ । यस अध्ययनमा प्राथामिक र द्धित्तीय स्रोतलाई आधार मानिएको छ । प्राथामिक स्रोत अन्तर्गत अन्तवार्ता अनुसूचि, अवलोकन, वैयत्तिक अध्ययन गरी सूचना संकलन गरिएको छ । द्धित्तीय अन्तर्गत पत्रपत्रिका, पुस्तक, सञ्चारका माध्यमहरु, सूचना विभिन्न किसिमका वेवसाईटका साथै सोधपत्रहरुको अध्ययन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसुची

अध्ययनको उद्देश्यमा केन्द्रित रहेर खुला र बन्द किसिमको प्रश्नावली निर्माण गरी उत्तरदाताहरुबाट सूचना संकलन गरिएको थियो । शोध कर्ता नै उत्तरदाताहरुसंग गएर प्रत्यक्ष रुपमा जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा केन्द्रित रहेर उत्तरदाताहरुवाट आवश्यक सूचना संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन विधि

अनुसन्धानको एउटा महत्वपुर्ण विधि भनेको अवलोकन विधि हो । यस विधि अनुसार अध्ययन गर्दा शोध कर्ता स्वयम अध्ययन क्षेत्रमा गई उत्तरदाताहरुको घरमा, कार्यक्षेत्रमा नै प्रत्यक्ष रुपमा अवलोकन गरिएको थियो । यस विधि मार्फत उत्तरदाताहरुको शारिरिक, मानसिक, आर्थिक, स्वास्थ्य, दैनिक क्रियाकलाप, परिवारिक अवस्था इत्यादि विषयको अवलोकन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

अनुसन्धानलाई अझै विश्वासनियता र स्पष्ट पार्नको निम्ति यस अध्ययनमा वैयक्तिक अध्ययनलाई समावेश गरिएको छ । ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको वारेमा अध्ययन गरिएको छ । ८३ ज्येष्ठ नागरिकबाट चार जना व्यक्तिको वैयक्तिक अध्ययन गरिएको छ । जसमा दुई जना उत्तरदाताहरुलाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता नभए पनि उनीहरुको जिवन निर्वाहमा खासै फरक नपर्ने र दुई जना

उत्तरदाताहरुलाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता नभएको भए जिवन निर्वाह गर्न नै नसक्ने किसिमका उत्तरदाताहरुलाई वैयक्तिक अध्ययनमा समावेश गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

अध्ययनको वास्तविकता पत्ता लगाउन संकलित गरिने तथ्याङ्कलाई विश्लेषण पक्षलाई विशेष महत्वका साथ लिइन्छ । अनुसंधानबाट प्राप्त भएका तथ्याङ्कलाई संख्यात्मक र गुणात्मक दुबै खाले तथ्याङ्कलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरिने तथ्याङ्कलाई आवश्यकता अनुसार वर्णात्मक व्याख्याका साथसाथै तालिका र वृत्त चित्रवाट तथ्याङ्कहरु प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

# उत्तरदाताहरुको सामाजिक पृष्ठभूमी

यस शिर्षक अर्न्तगत उत्तरदाताहरुको उमेरगत स्थिति, लैङ्गक स्थिति, शैक्षिक स्थिति, वैवाहिक स्थिति, जातिगत संरचना, धार्मिक संरचना, पारिवारिक संरचना, बसोबासको अवस्था, आय स्रोत, मासिक आम्दानी, पुजापाठ सम्बन्धी विवरण ईत्यादी विषयहरुलाई समावेश गरिएको छ ।

## ४.१ उत्तरदाताहरुको उमेरगत स्थिति

सामाजिक विविधिकरण एउटा महत्वपुर्ण आधार भनेको उमेर हो । उमेर कै आधारमा समाजिक हैसियत निधारण हुने गर्दछ । वालक, युवा, पौढ र वृद्ध गरी उमेर समुहलाई चार भागमा विभाजन गरेर हेर्ने गरिन्छ । वालक र वृद्ध उमेर समूहलाई आश्रित जनसंख्याको रुपमा लिइन्छ भने युवा र पौढ उमेर समूहलाइ कार्यवाहक उमेर समुहको रुपमा लिइन्छ । वर्तमान समाजमा वृद्धहरुको स्थिति निकै दयानिय वन्दै गएको पाइन्छ । परिवारका सदस्यहरुले वृद्धवृद्धालाई जुन संरक्षण सद्भाव आत्मीयता र सहयोग गर्नु पर्ने हो त्यस्तो हुन सकेको छैन । यस अध्ययनमा सामाजिक सुरक्षा अन्तर्गत पर्ने ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सेवा पाउने ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई संलग्न गरिएको छ । तलको तालिकामा उत्तरदाताहरुको उमेर प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं. ४.१ : लैङ्गिक आधारमा उमेरको विवरण**

| उमेर समुह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७०-७५ | २१ | २५.३० | ७ | ८.४३ | २८ | ३३.७३ |
| ७६-८० | १५ | १८.०७ | १३ | १५.६६ | २८ | ३३.७३ |
| ८१-८५ | ११ | १३.२५ | ९ | १०.८५ | २० | २४.०९ |
| ८६-९० | ३ | ३.६१ | २ | २.४० | ५ | ६.०२ |
| ९१-९६ | २ | २.४० | - | - | २ | २.४० |
| जम्मा | ५२ | ६२.६३ | ३१ | ३७.३३ | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार ७०-७५ वर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या ३३.७३ प्रतिशत रहको पाइयो । ७६-८० वर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या ३३.७३ प्रतिशत रहको पाइयो । त्यसै गरी ८१-८५ वर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या २४.०९ प्रतिशत रहेको पाइयो । ८६-९० वर्ष उमेर समूहका उत्तरदाताहरुको संख्या ६.०२ प्रतिशत रहेको पाइयो । ९१-९६ वर्ष माथि उमेर समूहका उत्तरदाताहरुको संख्या २.४० प्रतिशत रहेको पाइयो । लैङ्गिक आधारमा हेर्ने हो भने महिला उत्तरदाताहरुको संख्या ६२.६५ प्रतिशत रहेको पाइयो भने पुरुष उत्तरदाताहरुको संख्या ३७.३४ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा महिला उत्तरदाताहरुको जनसंख्या वढि र पुरुष उत्तरदाताहरुको संख्या कम भएको पाइयो । यसो हुनुमा पुरुषहरु जागिरको सिलसिलामा विदेश जादा, कृषि कार्य गर्ने क्रममा इत्यादी कारणले पुरुषहरुको मृत्यु भएको पाइयो । नेपालको औषत आयु पनि पुरुषको तुलानामा महिलाको नै वढि छ। त्यस कारण महिलाको जनसंख्या वढि भएको हो ।

## ४.२ उत्तरदाताहरुको शैक्षिक स्थिति

शिक्षा समाजको एउटा विशिष्टिकृत सामाजिक क्रियाकलाप हो । शिक्षा विनाको मानव समाजको परिकल्पना समेत गर्न सकिदैन । विगतको समाजमा शिक्षा अनौपचारिक रुपमा लिइन्थ्यो । समयको परिवर्तन संगै वर्तमान समयमा शिक्षालाई औपचारिक रुपमा दिने व्यवस्था गर्न थालियो । शिक्षाले मानव जिवनलाई सरल र सहज वनाउने गर्दछ । शिक्षा विकासको एउटा महत्वपूर्ण आधार हो । तलको तालिकामा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ ।

**तालिका नं. ४.२ : उत्तरदातहरुको शैक्षिक विवरण**

| शैक्षिक स्थिति | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | ३ | ३.६१ | १४ | १६.८६ | १७ | २०.४८ |
| निरक्षर | ४९ | ५९.०३ | १७ | २०.४८ | ६६ | ७९.५१ |
| जम्मा | ५२ | ६२.६४ | ३१ | ३६.३४ | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार साक्षर उत्तरदाताहरुको संख्या २०.४८ प्रतिशत रहेको पाइयो भने निरक्षर उत्तरदाताहरुको संख्या ७९.५१ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा साक्षर

उत्तरदाताहरुको भन्दा वढी निरक्षर उत्तरदाताहरु पाइयो । यसो हुनुमा आजको समय भन्दा करिव ७० वर्ष अगाडीको समयमा शिक्षाको पहुच अत्यन्तै न्यून थियो । त्यसमा पनि लैङ्गिक आधारमा महिलालाई पढाउन हुदैन भन्ने धारण थियो । निरक्षर उत्तरदाताहरुले आफ्नो समयमा औपचारिक शिक्षाको व्यवस्था नभएको र वावु आमाले पनि सानै उमेरमा कृषि कर्म, घरको काम गर्न सिकाएको वताएका थिए । निरक्षर उत्तरदाताहरुले साक्षर भएको भए अहिले वुढ्यौलिमा धर्म कर्मका पुस्तकहरु पढेर आफ्नो वुढ्यौलि समय विताउन सजिलो हुने थियो, भन्ने कुरा वताएका थिए । साक्षर उत्तरदाताहरुको पनि औपचारिक रुपमा शिक्षा हासिल नगरको कुरा वताएका थिए । साक्षर उत्तरदाताहरुले पढ्न लेख्न सक्ने भएको हुदा वुढेसकालमा रामायण, गिता, माहाभारत जस्ता किताब पढेर दिन विताउन सजिलो भएको कुरा वताएका थिए ।

## ४.३ उत्तरदाताहरुको वैवाहिक स्थिति

विवाह एउटा अत्यन्तै महत्वपूर्ण सुक्ष्म सामाजिक संस्था हो । मानिस प्रकृति कै एउटा उत्कृष्ट सिर्जना हो । सृष्टिलाई कायम राख्न पनि विवाहको आवश्यकता पर्दछ । विवाह एउटा विश्वव्यापि प्रकृया हो । विवाह समय, स्थान, संस्कृति, जाति विशेष फरक फरक किसिमको हुने गर्दछ । तलका तालिकामा उत्तरदाताहरुको वैवाहिक अवस्थालाई देखाउन खोजिएको हो ।

**तालिका नं. ४.३ : उत्तरदाताहरुको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| सदुवा | ३७ | ४४.५७ |
| विधुवा | ३८ | ४५.७८ |
| विधुर | ८ | ९.६३ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा सदुवा उत्तरदाताहरुको संख्या ४४.५७ प्रतिशत रहेको पाइयो । विधुवा उत्तरदाताहरुको संख्या ४५.७८ प्रतिशत रहेको पाइयो । विधुर उत्तरदाताहरुको संख्या ९.६३ प्रतिशत रहेको पाइयो भने सवै भन्दा वढी उत्तरदाताहरु विधुवा पाइयो । सवै भन्दा कम

उत्तरदाताहरु विधुर रहेको पाइयो । विधुवा उत्तरदाताहरुको संख्या वढि हुनुमा नेपालको औषत आयु महिलाको वढि र पुरुषको कम हुनु हो  भने अर्को कुरा पुरुषहरु रोजगारको सिलसिलामा मृत्यु हुनु, धेरै रक्सी, चुरोट सेवन गरेर छिटो मृत्यु हुनु पनि थप कारण हो ।

## ४.४ उत्तरदाताहरुको जातिगत संरचना

नेपाल विभिन्न जातजातिको साझा राष्ट्र हो । यहाँ विभिन्न किसिमका जात जातिहरु बसोवास गर्दै आएको पाइन्छ । जातले वंश परम्परा तथा जन्ममा आधारित सामाजिक अवस्थालाई चित्रण गरेको  हुन्छ । जातिय व्यवस्था करिब ३००० ई.पु देखि हिन्दु वर्ण व्यवस्थापन आधारित भएको पाइन्छ । जातिय  व्यवस्थाले परम्परागत समाजलाई त एकता वद्ध गराएको थियो । तर वर्तमान समाजमा जातिय व्यवस्थाले समाजमा विखण्डन र अराजकता निम्त्याउने काम गरेको छ । हामी मानव सवै एकै हौ जात जातियताको नाममा देशलाई विखण्डन गर्नु हुदैन, भन्ने कुरामा सवै एक हुनु आवश्यक छ । अध्ययन क्षेत्रमा पनि विभिन्न जातजातिहरुको वसोवास रहेको पाइयो । जसलाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं.४.४ : उत्तरदाताहरुको जातिगत अवस्था**

| जात | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | २० | २४.०९ |
| क्षेत्री | ३० | ३६.१४ |
| मगर | ११ | १३.२५ |
| घर्ति | ३ | ३.६१ |
| कामी | ८ | ९.६३ |
| दमाई | ६ | ७.२२ |
| सार्की | ८ | ६.०२ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार ब्राहमण क्षेत्री जातिहरुको जनसंख्या वढि र अन्य जातिको जनसंख्या कम रहेको पाइयो । यसो हुनुमा नेपालको जनगणना वि.स.२०६८ मा नै ब्राहमण

क्षेत्री जातको बाहुल्यता वढि र अन्य जातको कम रहेको पाइएको थियो । अध्ययन क्षेत्रमा वसोवास गर्ने  सबै जातका उत्तरदाताहरु मिलिजुलि एउटै समुदायमा बसोबास गरेको पाइयो ।

## ४.५ उत्तरदाताहरुको धार्मिक स्थिति

धर्म एउटा वृहत सामाजिक संस्था हो । धर्म एउटा अलौकिक शक्ति माथिको विश्वास हो । यस्तो शक्ति प्राकृति, मानव समाज भन्दा धेरै पर हुने विश्वास गरिन्छ । यस्तो अदृश्य तथा अज्ञात शक्ति उपासनाका लागि मानव प्राचिन समय देखि नै पर्यत्नरत रहेको पाइन्छ । धर्मले मानिसलाई अनुशासित र नैतिकवान वनाउनमा ठुलो भुमिका खेलेको हुन्छ । धर्म जात जाति अनुसार फरक फरक हुने गर्दछ । नेपालमा पनि विभिन्न धर्महरु रहेका छन् । जस्तै हिन्दु, वौद्ध, इसाइ, इस्लाम, क्रिश्चियन आदि । पहिले नेपाललाई हिन्दु राष्ट्रको रुपमा चिनिने गरिन्थ्यो तर अहिले नेपाल धर्म निरपेक्ष राष्ट्र भएको छ । तलको तालिकामा उत्तरदाताहरुले मान्ने धर्मको विवरणलाई देखाउन खोजिएको छ ।

**तालिका नं. ४.५ : उत्तरदाताहरुको धार्मिक स्थिति**

| धर्म | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ८२ | ९८.६९ |
| वौद्ध | १ | १.२० |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार हिन्दु धर्म अवलम्वन गर्न उत्तरदाताहरुको संख्या ९८.६९ प्रतिशत रहेको पाइयो । वौद्ध धर्म अवलम्वन गर्न उत्तरदाताहरुको संख्या १.२० प्रतिशत पाइयो । यसरी हेर्दा हिन्दु धर्म अवलम्वन गर्ने उत्तरदाताहरुको संख्या वढी पाइयो भने वौद्ध धर्म अवलम्वन गर्ने उत्तरदाताहरुको संख्या कम पाइयो । हिन्दु धर्मलाई सनातन धर्म पनि भन्ने गरिन्छ । नेपालको अन्तरिम संविधान वि.स. २०६३ साल अगाडि नेपाल हिन्दु राष्ट्र थियो । अध्ययनको क्रममा उत्तरदाताहरुले हिन्दु धर्म आफुहरुको परम्परा देखी मान्दै आएको र हिन्दु धर्म परिवर्तन गर्नु हुदैन भन्ने कुरा वताएका थिए । उत्तरदाताहरुले हिन्दु धर्मलाई जिवन भर

अवलम्वन गर्ने कुरा वताएका थिए । वौद्ध धर्म अवलम्वन गर्ने उत्तरदाताले पनि वौद्ध धर्म आफ्नो परम्परागत धर्म भएको वताएकी थिइन् ।

## ४.६ उत्तरदाताहरुको परिवारिक संरचना

समाजिक संरचना निमार्णको एउटा अभिन्न अंग परिवार हो । परिवारले मानव जातिको आत्मा संरक्षण सम्वर्दन तथा मानव जिवनलाई निरन्तरता प्रदान गर्दछ । परिवार समाजद्धारा स्वीकृत विवाह प्रथा तथा रक्त सम्वन्धवाट स्थापित हुने गर्दछ । परिवारले समाजिकिकरणको माध्यम वाट एउटा मानवलाई पूर्ण समाजिक मानव वनाउने कार्य गर्दछ । संख्याको वनोटको आधारमा परिवारलाई तीन भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । १. एकल परिवार २. संयूक्त परिवार ३. विस्तारित परिवार अध्ययन क्षेत्रमा उत्तरदाताहरुको परिवारको वनोट एकल र सयूक्त किसिमको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६ : उत्तरदाताहरुको पारिवारिको संरचना**

| परिवारको प्रकार | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| एकल | २६ | ३१.३२ |
| सयूक्त | ५७ | ६८.६७ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा एकल परिवार हुने उत्तरदाताहरुको संख्या ३१.३२ प्रतिशत रहेको पाइयो भने संयुक्त परिवार भएका उत्तरदाताहरुको संख्या ६८.६७ प्रतिशत रहेको पाइयो । संयुक्त परिवार हुने उत्तरदाताहरुको संख्या वढी पाइयो भने कम संख्या एकल परिवार हुने उत्तरदाताहरुको पाइयो । संयुक्त परिवार वढि हुनुमा त्यो समयमा वालविवाह वढि हुने गर्दथ्यो, परिवार नियोजनका साधनहरु थिएनन्, जसका धेरै सन्तान हुन्छन् । उसलाई धनी व्यक्तिको रुपमा समाजले चित्रण गर्ने गर्दथ्यो, त्यस कारण पनि संयुक्त परिवारको संख्या वढि पाइएको हो । त्यो समयमा उच्च शिशु मृत्युदर भएको कारण र विभिन्न कारणले आफुहरुको सन्तान गुमाएको कारण एकल परिवार भएको उत्तरदाताहरुले वताएका थिए ।

## ४.७ उत्तरदाताहरुको वसोवासको अवस्था

वासस्थान मानिसको आधारभूत आवश्यकताहरु मध्यको एउटा अत्यन्तै महत्वपूर्ण आवश्यकता हो । मानिसको जन्म देखि मृत्यु सम्मको अवधिमा वसोवास अपरिहार्य छ । वृद्ध अवस्था भनेको अरु व्यक्तिमा आश्रित भएर वस्नु पर्ने अवस्था हो त्यस कारण यो अवस्थामा वृद्ध वृद्धाहरुलाई राम्रो वासोवासको व्यवस्था हुनु आवश्यक छ । वृद्ध अवस्थामा मानिसहरु शारिरिक र मानसिक रुपमा कमजोर हुने गर्दछन् । परिवारका सदस्यहरुले उनीहरुलाई यो अवस्थामा वसोवासमा विशेष ध्यान दिनु पर्दछ । तलको तालिकामा उत्तरदाताहरुको वसोवासको अवस्थालाई देखाउन खोजिएको छ ।

**तालिका नं. ४.७ : उत्तरदाताहरुको वसोवासको अवस्था**

| वसोवास | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| छोरा वुहारी संग | ५१ | ६१.४४ |
| छोरी ज्वाई संग | ४ | ४.८१ |
| श्रीमान / श्रीमती | १२ | १४.४५ |
| एक्लै | १६ | १९.२७ |
| जम्मा | ८३ | १०० |


स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार छोरा/वुहारी संग वसोवास गर्ने उत्तरदाताहरुको संख्या ६१.४४ प्रतिशत रहेको पाइयो भने छोरी ज्वाईसंग वसोवास भर्ने उत्तरदाताहरुको संख्या ४.८१ प्रतिशत रहेको पाइयो । श्रीमान/श्रीमती मात्र वसोवास गर्न उत्तरदाताहरुको संख्या १४.४५ प्रतिशत पाइयो  भने एक्लै वसोवास गर्ने उत्तरदाताहरुको संख्या १९.२७ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रमा वसोवासको स्थिति हेर्दा अधिकाशं उत्तरदाताहरु छोरा वुहारी संग नै वसोवास गरेको पाईयो भने छोरा बुहारी संग वसोवास गर्ने उत्तरदाताहरुले वृद्ध अवस्थामा आफुले काम गर्न नसक्ने हुदा छोरा बुहारी संग आश्रित भएर वसोवास गरेको कुरा वताएका थिए । छोरी ज्वाई संग वस्ने उत्तरदाताहरुले आफ्नो छोरा नभएको र छोरी ज्वाईसंग वसोवास गरेको कुरा वताएका थिए भने केही उत्तरदाताहरुले छोरा वुहारीले हेरविचार नपुऱ्याएर छोरी ज्वाई संग वसोवास गरेको कुरा बताएका थिए । श्रीमान र

श्रीमती मात्र वसोवास गर्ने उत्तरदाताहरुले घरका अन्य सदस्यहरु शिक्षा, रोजगारको लागि, स्वदेश तथा विदेशमा वसोवास गर्दै आएको जानकारी दिएका थिए । त्यसैगरी एक्लै वसोवास गर्ने उत्तरदाताहरुले छोरा वुहारीले हेर विचार नगरेर एक्लै वसोवास गरेको कुरा वताएका थिए । एक्लै बस्ने उत्तरदाताहरु हात खुट्टा नचल्ने हुदा दुःख पाइन्छ कि भन्ने चिन्ता लागेको कुरा वताएका थिए । एक्लै वसोवास गर्न उत्तरदाताहरु अधिकाशं विधुवा महिला थिए ।

## ४.८ उत्तरदाताहरुको आय स्रोतको विवरण

आय स्रोतले मानिसको जिवन शैलीमा ठुलो प्रभाव पारेको हुन्छ । आय स्रोतले मानिसको स्तर निर्धारण गरी दिन्छ । आय स्रोत प्रत्यक्ष रुपमा पेशा संग सम्वन्धीत हुन्छ । जिवन निर्वाह गर्नको लागि मानिसले कुनै न कुनै पेशा अवलम्वन गर्नु नै पर्ने हुन्छ । मानिसको दैनिक क्रियाकलापहरु प्रत्यक्ष रुपमा अर्थ व्यवस्थासंग गासिएको हुन्छ । वृद्ध अवस्थामा प्रवेश गरेपछि मानिसले कुनै किसिमको आर्थिक उपार्जन गर्न सक्दैन् । पहिले नै सरकारी नोकरी गरेको मानिसले पेन्सन खान्छन् भने अन्य जागिर गरेका मानिसहरुले वचत गरेर राखेको भए आम्दानी हुन्छ । वचत छैन भने मानिस पुर्ण रुपमा भत्ता र छोरा छोरीमा निर्भर हुनु पर्दछ । तलको वृत्त चित्रमा उत्तरदाताहरुको आय स्रोतलाई देखाउन खोजिएको छ ।




**चित्र : ४.१ उत्तरदाताहरुको आयस्रोतको विवरण**

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको चित्र अनुसार भत्ता र कृषि आयस्रोत हुने उत्तरदाताहरुको संख्या २६.५०  प्रतिशत पाइयो । भत्ता र पेन्सन आयस्रोत हुने उत्तरदाताहरुको संख्या १६.८६ प्रतिशत पाइयो । वृद्ध भत्ता मात्र आयस्रोत हुने उत्तरदाताहरुको संख्या ५६.६२ प्रतिशत रहेको पाइयो । सवै भन्दा धेरै उत्तरदाताहरुको आयस्रोत भनेको वृद्ध भत्ता नै रहेको पाइयो  भने सवै भन्दा कम उत्तरदाताहरुको आयस्रोत भत्ता र पेन्सन रहेको पाइयो । भत्ता र कृषि आयस्रोत हुने उत्तरदाताहरुले ७० वर्ष भएता पनि केही वृद्धहरु आफुले कृषि कार्य गरेर पनि आम्दानी गर्ने गरेको कुरा वताएका थिए । कृषिको आम्दानीले र भत्ताले गर्दा जिवन निर्वाह गर्न गाह्रो नभएको कुरा पनि वताएका थिए । भत्ता र पेन्सन पाउने उत्तरदाताहरुको जिवन स्तर राम्रो र छोरा छारीले पनि पेन्सनको आशाले राम्रो संग हेर विचार गरेको वताएका थिए । त्यसै गरी भत्ता मात्र आयस्रोत हुने उत्तरदाताहरुले आफुहरुले अन्य कार्य गर्न पनि नसक्ने भत्ताले मात्र जिवन निर्वाह गर्नु पर्दा गाऱ्हो भएको कुरा वताएका थिए ।

## वैयक्तिक अध्ययन

*मेरो नाम सेती माया राना मगर हो । मेरो उमेर ८५ वर्ष भयो । म निरक्षर छु । मेरो सन्तान ६ जना छोरी र ३ जना छोरा गरी जम्मा ९ जना छन् श्रीमान वित्नु भएको करिब २६ वर्ष भयो । मेरो श्रीमान भने सिङ्गापुरेको लाहुरे हुनुहुन्थो । छोरा छोरीहरु सवै जनाको विवाह भई सक्यो । छोरा छोरीहरु आ आफ्नो परिवारसँग छुट्टा छुट्टै बस्दछन् । मैले मासिक रुपमा पेन्सन पाउने गर्दछु । पहिला घरमा म बुहारी र नातिनातिना मात्र थियौ । कान्छो छोरा वैदेशिक रोजगारको निम्ती कोरीया गएको थियो । अहिले छोरी पनि घरमा नै छ । मेरो मासिक पेन्सनले घरमा रासनपानि खान पुग्छ । १५ वर्ष देखि मैले सरकारले दिएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता पनि लिने गरेको छु । मेरो स्वास्थ्य अवस्था ठिकै छ । सामान्य हिडडुल गर्न सक्दछु । मैले कुनै किसिमको नियमित औषधि सेवन गर्दिन् । छोरा बुहारीले मेरो राम्रोसँग हेरविचार गर्दछन् । म विरामि भए भने मलाई निशुल्क औषधि उपचार सिँगापुर वयलफिअरले गरी दिन्छ । विरामी हुदा फोन गरिदियो भने एम्वुलेन्सको पनि व्यवस्था निशुल्क गरी दिन्छ । वुढाले वेलामा दुःख गरी दिनु भएको थियो र अहिले आरामका साथ खान लगाउन, वस्न पुगेको छ । पैसाले त कसैलाई नि पुग्दैन । यस्तो मंहगो जमना छ । सरकारले दिएको मासिक रु २२०० ले त के जिवन निर्वाह हुने थियो र तर पेन्सन नुहने गरिव, दुःखी छोरा छोरीले हेरविचार नपुऱ्याउने ज्येष्ठ नागरिकलाई यो कार्यक्रम अत्यन्तै राम्रो छ । मैले भत्ता वुझेर नातिनातिना छोरा छोरीहरुलाई भाग लगाएर जति पुग्छ त्यति दिन्छु । कहिले काही समाजिक कार्यमा पनि भत्ता दिएर सहयोग गर्दछु ।*

## ४.९ उत्तरदाताहरुको मासिक आम्दानीको विवरण

जिवन निवाह गर्ने क्रममा मानिसले विभिन्न किसिमका पेशाहरु अपनाएका हुन्छन् । पेशा अनुसार मानिसको आय पनि फरक फरक किसिमको हुने गर्दछ । विगतको समाजमा रोजगारीका प्रशस्त माध्यमहरु थिएनन् । जिवन निर्वाह गर्नको निम्ति कृषिमा निर्भर रहनु पर्ने हुन्थ्यो । तर वर्तमान समयमा रोजगारका प्रशस्त माध्यमहरु छन् । स्वदेशमा मात्र नभई वैदेशिक रोजगारको पनि राम्रो सम्भावना रहेको छ । तलको तालिकामा उत्तरदाताहरुको मासिक आम्दानीलाई देखाउन खोजिएको छ ।

**तालिका नं. ४.८ : उत्तरदाताहरुको मासिक आम्दानी**

| मासिक आम्दानी रु. | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| १०००-२००० | ४७ | ५६.६२ |
| ३०००-५००० | १८ | २१.६८ |
| ६०००-८००० | ४ | ४.८१ |
| ९००० | १४ | १६.८६ |
| जम्मा | ८३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार मासिक आम्दानी १०००-२००० सम्म हुने उत्तरदाताहरुको संख्या ५६.६२ प्रतिशत रहेको पाइयो । मासिक आम्दानी ३००० - ५००० सम्म हुने उत्तरदाताहरुको संख्या २१.६८ प्रतिशत रहेको पाइयो । त्यसैगरी ६००० - ८००० सम्म मासिक आम्दानी हुने उत्तरदाताहरुको संख्या ४.८१ प्रतिशत रहेको पाइयो । भने ९००० भन्दा माथि मासिक आम्दानी हुने उत्तरदाताहरुको संख्या १६.८६ प्रतिशत रहेको पाइयो । १००० - २००० सम्म मासिक आम्दानी हुने उत्तरदाताहरुको आय स्रोत वृद्ध भत्ता मात्र भएको पाइयो । ३००० - ५००० सम्म मासिक आम्दानी हुने उत्तरदाताहरुको आयस्रोत कृषि र भत्ता भएको पाइयो । ६००० - ८००० मासिक आम्दानी हुने उत्तरदाताहरुको आय स्रोत भत्ता र कृषिमा पनि पशुपालन र तरकारी खेती गरेको पाइयो । त्यसैगरी ९००० भन्दा माथि मासिक आम्दानी हुने उत्तरदाताहरुको आयस्रोत भत्ता र पेन्सन भएको पाइयो । भत्ता

र पेन्सन हुने उत्तरदाताहरुको मासिक आम्दानी धेरै पाइयो भने भत्ता मात्र हुने उत्तरदाताहरुको मासिक आम्दानी कम रहेको पाइयो ।

## ४.१० उत्तरदाताहरुको पुजापाठ सम्वन्धी विवरण

अलौकिक शक्ति माथिको विश्वास नै धर्म हो त्यहि विश्वास अनुरुप मानिसहरुले पुजापाठ गर्ने गर्दछन् । मोक्ष प्राप्ती र पाप नाशको लागि मानिसहरुले पुजा गर्ने गर्दछन् पुजापाठको संस्कार नेपाली समाजमा परा पूर्वकाल देखि चल्दै आएको पाइन्छ । वर्तमान समयमा पनि यो सत्कारले निरन्तरता पाइरहेको छ । वृद्ध अवस्थामा मानिसहरु पुजापाठ भजन कृतन गरेर आफ्नो समय विताउन चाहान्छन् । तलको तालिकामा उत्तरदाताहरुको पुजापाठ सम्वन्धी विवरणलाई प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं. ४.९ : उत्तरदाताहरुको पुजापाठ सम्वन्धी विवरण**

| पुजापाठ सम्बन्धी विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| पुजापाठ गर्ने | ३६ | ४३.३७ |
| पुजापाठ नगर्ने | ४७ | ५६.६२ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार पुजापाठ गर्न उत्तरदाताहरुको  संख्या ४६.३७ प्रतिशत  रहेको पाइयो । भने पुजापाठ नगर्ने उत्तरदाताहरुको संख्या ५६.८२ प्रतिशत रहेको पाइयो । सबै भन्दा वढी संख्या पूजापाठ नगर्ने उत्तरदाताहरुको पाइयो । भने कम संख्या पुजापाठ गर्ने उत्तरदाताहरुको पाइयो । पूजापाठ गर्ने उत्तरदाताहरुमा ब्राहमण, क्षेत्री जातका महिला र केही ब्राहमण जातिका पुरुषहरु रहेको पाइयो । पूजापाठ नगर्ने उत्तरदाताहरुमा जनजाति, दलित र केही ब्राहमण र क्षेत्री जातका महिला र पुरुष रहेको पाइयो ।

## ४.११ एक्लोपन महशुस हुदा आश्रम जान मन लाग्ने र नलाग्ने उत्तरदाताहरुको धारणा

समयको अन्तराल र पुजीवाद संगै विकसित हुदै गएको समाजले वर्तमान समयका मानिसहरुलाई व्यक्तिवादी वनाउदै लगेको छ । जसको प्रत्यक्ष प्रभाव ज्येष्ठ नागरिकहरुलाई

परेको छ । युवा वर्गहरु व्यक्तिवादी वन्दै गर्दा वृद्धहरुमा एक्लोपनको महशुश हुदै गएको पाइन्छ । तलको तालिकामा उत्तरदाताहरुको एक्लोपन महसुस हुदा आश्रम जान मन लाग्ने र नलाग्ने धारणालाई देखाउन खोजिएको छ ।

**तालिका नं. ४.१० : एक्लोपन महशुश हुदा आश्रम जान मन लाग्ने र नलाग्ने उत्तरदाताहरुको विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| आश्रम जान मन लाग्ने | ५ | ६.०२ |
| आश्रम जान मन नलाग्ने | ७८ | ९३.९७ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा एक्लोपन महशुश हुदा वृद्ध आश्रम गएर वस्न मन लाग्ने उत्तरदाताहरुको संख्या ६.०२ प्रतिशत पाइयो भने एक्लोपन महशुश हुदा पनि वृद्ध आश्रम गएर वस्न मन नलाग्ने उत्तरदाताहरुको संख्या ९३.९७ प्रतिशत रहेको पाइयो । एक्लोपन महशुश हुन्छ, परिवारका सदस्यहरुले हेर विचार पुऱ्याउदैनन् त्यसकारण कहिले काहि सारै चित्त दुख्छ र वृद्ध आश्रम गएर वस्न मन लाग्छ भन्ने कुरा एक्लोपन महशुश हुदा आश्रम जान मन लाग्ने उत्तरदाताहरुले वताएका थिए । त्यसै गरी एक्लोपन महशुश भए पनि वृद्ध आश्रम गएर वस्न मन नलाग्ने अधिकाशं उत्तरदाताहरुले आफ्नो घरमा नै मर्ने रहर भएको कुरा वताएका थिए । भने केही उत्तरदाताहरुले आश्रममा पनि दुःख पाइन्छ भन्ने कुरा वताएका थिए । यसरी हेर्दा आश्रममा गएर वस्न मन लाग्ने उत्तरदाताहरुको संख्या कम र आश्रममा  गएर वस्न मन नलाग्ने उत्तरदाताहरुको संख्या वढी पाइयो ।

## ४.१२ राज्यले बसोबास व्यवस्था सम्वन्धी धारणा

विकसित देशहरु मध्येका केहि देशहरुमा ज्येष्ठ नागरिकलाई सरकारले वस्ने, खाने, व्यवस्था सहितको नर्सिङ्ग, सेवा उपलब्ध गराएको पाइन्छ । हाम्रो जस्तो विकास उन्मुख देशमा यस्तो सेवा सुविधा गराउन राज्य सक्षम छैन । तलको तालिकामा सरकारले आश्रम निमार्ण गरेर ज्येष्ठ नागरिकहरुलाई हेर बिचारको व्यवस्था गरिदिए हुन्थ्यो जस्तो लाग्छ कि लाग्दैन भनेको प्रश्नमा उत्तरदाताहरुले दिएको जवाफलाई तलको तालिकामा  देखाउन खोजिएको छ ।

**तालिका नं. ४.११ : राज्यले बसोबासको व्यवस्था सम्बन्धी उत्तरदाताहरुको धारणा**

| आश्रमको व्यवस्था | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| गरिदिए हुने थियो | १७ | २०.४८ |
| गरिदिए हुने थियो लाग्दैन | ६६ | ७९.५१ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार राज्यले ज्येष्ठ नागरिकलाई आश्रमको व्यवस्था गरेर राखि दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या २०.४८ प्रतिशत रहेको पाइयो । आश्रमको व्यवस्था गरिदिए हुने थियो जस्तो नलाग्ने उत्तरदाताहरुको संख्या ७९.५१ प्रतिशत रहेको पाइयो । राज्यले आश्रमको व्यवस्था गरेर राख्ने गरे हुने थियो भन्ने उत्तरदाताहरुले आफुले वृद्ध अवस्थामा दुःख पाएको कुरा वताएका थिए । आश्रमको व्यवस्था गरे हुन्थ्यो भने नलाग्ने उत्तरदाताहरुलाई घर परिवार संगै आफ्नो घरमा नै वस्न मन लागेको कुरा वताएका थिए । यसरी हेर्दा आश्रमको व्यवस्था भए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या कम र आश्रमको व्यवस्था ठिक लाग्दैन भन्ने उत्तरदाताहरुको संख्या वढि पाइयो ।

## ४.१३ वृद्धहरुलाई खुशी राख्न घर परिवारका सदस्यले गर्नु पर्ने कुराहरुको विवरण

वृद्ध र वालवालिकाको लागि सवै भन्दा सुरक्षित स्थान भनेको घर हो र उनीहरुलाई उचित सुरक्षा प्रदान गर्ने व्यक्ति भनेको परिवारका सदस्यहरु नै हुन । वृद्ध अवस्थामा मानिसहरु शारिरिक र मानसिक दुवै रुपमा कमजोर हुने गर्दछन् । जसको कारण उनीहरुलाई घर परिवारको सहयोग र सहारा आवश्यक पर्दछ । घर परिवारका सदस्यहरुले नी वृद्ध अवस्थाका अभिभावकलाई विशेष हेर विचार गर्नु आवश्यक छ । वृद्धहरु के कुरा गर्दा खुशी हुन्छन् भन्ने कुराको ख्याल गरिदिने हो भने वृद्धहरु बोझिलो महशुश नगरी वाँच्न सक्ने थिए ।

**तालिका** नं. **४.१२ : वृद्धहरु खुशी हुने अवस्था**

| वृद्धहरु खुशी हुने अवस्था | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| नसक्ने हुदा हेरविचार गरिदिए | २० | २४.०९ |
| वचत नलाइ खान दिए | ३५ | ४२.१६ |
| विरामी हुदा हेरविचार गरिदिए | २५ | ३०.१२ |
| अन्य | ३ | ३.६१ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्यन २०७५

माथिको तालिका अनुसार परिवारका सदस्यले नसक्ने हुदा हेरविचार गरिदिए खुशी हुने उत्तरदाताहरुको संख्या २४.०९ प्रतिशत रहेको पाइयो, भने घर परिवारका सदस्यले वचन नलाई खान दिए खुशी हुने उत्तरदाताहरुको संख्या ४२.१६ प्रतिशत रहेको पाइयो । परिवारका सदस्यले विरामी हुदा हेरविचार गरी दिए खुशी हुने उत्तरदाताहरुको संख्या ३०.१२ प्रतिशत रहेको पाइयो । अन्य उत्तरदाताहरुको संख्या ३.६१ प्रतिशत रहेको पाइयो । नसक्ने हुदा हेर विचार पुऱ्याई दिए हुन्थ्यो भन्ने उत्तरदाताहरु अहिले सम्म आफ्नो काम आफै गर्न सक्ने भएको र नसक्ने हुदा हेरविचार गरिदिए खुशी लाग्ने थियो भने कुरा वताएका थिए । वचन नलगाई खान दिए खुशी लाग्ने थियो भने उत्तरदाताहरुले कहिले कहि परिवारका सदस्यहरुले वचन लगाउदछन् । त्यति वेला सारै दुःख लाग्छ वचन नलगाई खान दिए खुशी लाग्ने थियो भन्ने कुरा वताएका थिए । विरामी हुदा हेरविचार पुऱ्याई दिए खुशी लाग्छ भन्ने उत्तरदाताहरुले अरु वेला भन्दा विरामी हुँदा अत्यन्तै कमजोर अनुभव हुन्छ । त्यति वेला परिवारका सदस्यहरुले ख्याल गरिदिए खुशी लाग्छ भन्ने कुरा वताएका थिए । अन्य तीन जना उत्तरदाताहरुदले घर परिवारका सदस्यहरु एक आपसमा मिलेर वसी दिए आफुहरुलाई खुशी लाग्ने कुरा वताएका थिए । यसरी हेर्दा वचन नलाई खान दिए खुशी लाग्ने उत्तरदाताहरुको संख्या वढी पाइयो ।

## ४.१४ ज्येष्ठ नागरिक सम्मान सम्बन्धी धारणा

ज्येष्ठ नागरिक भनेका जिउदो इतिहास हुन । उनीहरुले जिवन यापन गर्ने क्रममा धेरै कुराहरु जानेका बुझ्केका हुन्छन् । उनीहरुलाई हामीले आदार सम्मान गर्नु पर्दछ ।

आधुनिकिकरणको प्रभाव र पुजीवादको प्रभावले गर्दा अहिले युवा पुस्ताहरुमा व्यक्तिवादी पन वढ्दै गएको पाइन्छ । जसले गर्दा युवा  पुस्ताहरुले ज्येष्ठ नागरिकलाई आदर सम्मान नगरेको महशुश गराई दिएको छ ।

**तालिका** नं. **४.१३ : ज्येष्ठ नागरिक सम्मान सम्वन्धी धारणा**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| सम्मान छ | ४१ | ४९.३९ |
| सम्मान छैन | ४२ | ५०.६० |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा  ज्येष्ठ नागरिकलाई सम्माजनक व्यवहार छ भन्ने उत्तरदाताहरुको संख्या ४९.३९ प्रतिशत रहेको पाइयो । भने ज्येष्ठ नागरिकलाई सम्मान छैन भने उत्तरदाताहरुको संख्या ५०.६० प्रतिशत रहेको पाइयो । सम्मान जनक व्यवहार गर्दछन् भने उत्तरदाताहरुले आफुहरुलाई सवैले माया गर्दछन् राम्रो वोली वचन गर्दछन् । भन्ने कुरा वताएका थिए भने समाजनक व्यवहार गर्दैन भने उत्तरदाताहरुले युवा पुस्ताहरुले जेष्ठ नागरिकको वेवास्था गरेको उनीहरुलाई समय नदिएको कुरा वताएका थिए ।

# अध्याय : पाँच
# भत्ता प्रतिको दृष्टिकोण

यस शिर्षकभित्र विभिन्न खालका उप शिर्षकहरु समावेश गरिएको छ । भत्ता प्रति उत्तरदाताहरुको दृष्टिकोण सकारात्मक छ वा नकारात्मक छ ? भत्ता प्रति उत्तरदाताहरु सन्तुष्टि छन् कि असन्तुष्टि छन् ? भत्ता हुदैनथ्यो भने उत्तरदाताहरुको जिवनमा कस्तो प्रभाव पर्ने थियो इत्यादि कुरालाई यस अध्यायमा समेटने प्रयास गरिएको छ ।

## ५.१ उत्तरदाताहरुको भत्ता प्रतिको सन्तुष्टि असन्तुष्टिको विवरण

सरकारले दिने सामाजिक सुरक्षा अन्तर्गत पर्ने ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता प्रति ज्येष्ठ नागरिकको सन्तुष्टि छ कि छैन भनेर प्रश्न सोधिएको थियो । उत्तरदाताहरुको प्रतिक्रिया तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ५.१ : उत्तरदाताहरुको भत्ता प्रतिको सन्तुष्टि असन्तुष्टिको सम्वन्धी विवरण**

| विवरण | उतरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्टि छु | ३६ | ४३.३७ |
| सन्तुष्टि छैन | ४७ | ५६.६२ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार सरकारले दिने मासिक भत्तावाट सन्तुष्टि छु भन्ने उत्तरदाताहरुको संख्या ४३.३७ प्रतिशत रहेको पाइयो भने सरकारले दिन मासिक भत्तावाट सन्तुष्टि छैन भन्ने उत्तरदाताहरुको संख्या ५६.६२ प्रतिशत पाइयो । यसरी हेर्दा सरकारले दिने मासिक भत्तावाट सन्तुष्टि छु भन्ने उत्तरदाताहरुको संख्या कम र सन्तुष्टि छैन भन्ने उत्तरदाताहरुको संख्या वढी पाइयो । सन्तुष्टि हुने उत्तरदाताहरुले सरकारले पनि कहाँवाट ल्याएर दिने हो । दालभात खान पुग्ने रकम दिएको छ त्यसमा सन्तुष्टि छौ भने कुरा वताएका थिए, भने असन्तुष्टि उत्तरदाताहरुले सरकारले दिने मासिक रकम अत्यन्तै कम भएको र त्यसवाट आवश्यताहरु परिपूर्ति गर्न नसकिने कुरा वताएका थिए ।

## ५.२ उत्तरदाताहरुको भत्ता वृद्धि सम्वन्धी धारणा

पूजीवादको तिव्र विकास भए संगै हरेक व्यक्तिहरुमा आर्थिक समस्या वढ्दै गएको छ । आर्थिक संकटले गर्दा उपभोग्य वस्तुको भाउमा अधिक वृद्धि भएको पाइन्छ । तलको तालिकामा उत्तरदाताहरुको भत्ता वृद्धि सम्बन्धी अवधारणलाई स्पष्ट पार्न खोजिएको छ ।

**तालिका नं. ५.२ : भत्ता वृद्धि सम्वन्धी उत्तरदाताहरुको धारणाको विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| वृद्धि भए हुन्थ्यो लाग्छ | ५४ | ६५.०६ |
| वृद्धि भए हुन्थ्यो लाग्दैन | १५ | १८.०७ |
| ठिकै छ | १४ | १६.८६ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थल अध्ययन २०७५

माथिको तालिकामा ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वृद्धि भए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या ६५.०६ प्रतिशत रहेको पाइयो भने भत्ता वृद्धि भए हुन्थ्यो जस्तो नलाग्ने उत्तरदाताहरुको संख्या १८.०७ प्रतिशत रहेको पाइयो । भत्ता वर्तमान समयमा दिएको रकम ठिक छ भने उत्तरदाताहरुको संख्या १६.८६ प्रतिशत रहेको पाइयो । भत्ता वृद्धि भए हुने थियो भन्ने उत्तरदाताहरुले आधारभूत आवश्यकता परिपूर्ति गर्न भत्ता वढ्यो भने सहज हुने कुरा वताएका थिए, साथ साथै अरुको भरमा पर्न नपर्ने कुरा पनि वताएका थिए । भत्ता वृद्धि भए हुन्थ्यो नलाग्ने उत्तरदाताहरु अधिकाशंको पेन्सन भएको वताएका थिए । भने ठिकै छ भन्ने उत्तरदाताहरु आर्थिक रुपमा छोरा छोरीले पनि हेरविचार पुऱ्याउने र त्यो मासिक रकमले विहान वेलुका दाल भात खान पुगेको र सरकारले पनि कतिलाई दियोस भन्ने कुरा वताएका थिए । यसरी हेर्दा भत्ता वृद्धि भए हुने थियो भन्ने लाग्ने उत्तरदाताहरुको संख्या वढी र ठिकै छ भन्ने उत्तरदाताहरुको संख्या कम रहेको पाइयो ।

## ५.३ उत्तरदाताहरुको भत्ता वितरणको अवधि सम्वन्धी धारणा

सरकारले दिने मासिक भत्ता वर्तमान समयमा आएर चौमासिक रुपमा वितरण गर्दै आएको छ । यसले ज्येष्ठ नागरिकको जिवनमा कस्तो प्रभाव परेको छ । अध्ययन क्षेत्रमा

उत्तरदाताहरुलाई कति महिनामा भत्ता वितरण गर्दा ठिक हुन्छ भनी प्रश्न गरिएको थियो । उत्तरदाताहरुको भनाइलाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ५.३ : भत्ता वितरण अवधि सम्वन्धमा उत्तरदाताहरुको राय**

| भत्ता वितरणको अवधि | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| महिनै पिच्छे | ३९ | ४६.९८ |
| दुइ महिना | ५ | ६.०२ |
| तीन महिना | ३ | ३.६१ |
| चार महिना | ३६ | ४३.३७ |
| जम्मा | ८३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार भत्ता वितरणको अवधि महिनै पिच्छ वितरण गरे ठिक हुन्छ भन्ने उत्तरदाताहरुको संख्या ४६.९८ प्रतिशत रहेको पाइयो भने दुई महिनामा भत्ता वितरण गरे ठिक हुन्छ भन्ने उत्तरदाताहरुको संख्या ६.०२ प्रतिशत रहेको पाइयो । त्यसै गरी तीन महिनामा भत्ता वितरण गर्दा ठिक हुन्छ भन्ने उत्तरदाताहरुको संख्या ३.६१ प्रतिशत रहेको पाइयो भने चार महिनामा भत्ता वितरण गरको ठिकै छ भन्ने उत्तरदाताहरुको संख्या ४३.३७ प्रतिशत रहेको पाइयो । सवै भन्दा धेरै उत्तरदाताहरुले एक महिना भत्ता वितरण गर्दा जिवन निर्वाहमा केही सहज हुने थियो अरु संग सापटि मागेर चलाउन पर्ने थिएन भन्ने कुरा वताएका थिए भने दुई महिना र तीन महिनामा भत्ता वितरण गर्दा ठिक हुने थियो भने उत्तरदाताहरुको चार महिनामा भत्ता वितरण गर्ने समय अवधि लामो भएको कुरा वताएका थिए । त्यसै गरी चौमासिक भत्ताको व्यवस्था नै ठिक छ भने उत्तरदाताहरुले सरकारलाई मासिक भत्ता वितरण गर्न नि झनझट हुन्छ । हामीलाई घरी घरी जान गाऱ्हो हुन्छ । चौमासिक नै ठिक छ भनेका थिए ।

## ५.४ ज्येष्ठ नागरिकको लागि सरकारले वनाई दिनु पर्ने नियम सम्वन्धी धारणा

सरकारले ज्येष्ठ नागरिकहरुको लागि थुप्रै लाभदायिक कार्यक्रमहरु तजुमा गरेको पाइन्छ । कतिपय योजनाहरुले ज्येष्ठ नागरिकहरुको जिवनमा सकारात्मक प्रभाव परेको पाइन्छ । सरकारले वनाएको नियम कडाई साथ लागु गर्न नसक्दा र ज्येष्ठ नागरिकहरुलाई पनि

आफ्नो हक, हितको वारेमा राम्रो जानकारी नहुदा कानुनको प्रयोग हुन सकेको छैन । अध्ययन क्षेत्रका उत्तरदाताहरुले सरकारले निम्न कुरा सम्वन्धी नियम वनाई दिए हुन्थ्यो भनेका थिए जसलाई तल तालिकामा देखाउन खोजिएको छ ।

**तालिका** नं. **५.४ : उत्तरदाताहरुलाई सरकारले वनाई दिए हुन्थ्यो जस्तो लाग्ने नियमको विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| छोरा छोरीले हेला गर्न नपाउने व्यवस्था | ६ | ७.२२ |
| निशुल्क औषधीको व्यवस्था | ३१ | ३७.३४ |
| भत्ता वढाई दिने व्यवस्था | ३७ | ४४.५७ |
| भत्ताको व्यवस्था नहटाए हुने थियो | ९ | १०.८४ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा सरकारले छोरा छोरीले हेला गर्न नपाउने नियम ल्याई दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या ७.२२ प्रतिशत रहेको पाइयो । सरकारले निशुल्क औषधी उपचारको व्यवस्था गरी दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या ३७.३४ प्रतिशतत रहेको पाइयो । सरकारले भत्ता वढाइ दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या ४४.५६ प्रतिशत रहेको पाइयो भने भत्ताको व्यवस्था नहटाई दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या १०.८४ प्रतिशत रहेका पाइयो । यसरी हेर्दा भत्ता वढाई दिए हुने थियो भन्ने उत्तरदाताहरुको संख्या वढी पाइयो । छोरा छोरीले हेला गर्न नपाउने नियम वनाई दिए हुने थियो भने उत्तरदाताहरुले आफुहरुलाई छोरा छोरीले दुःख पर्दा, विरामी हुदा हेर विचार नगरेको कुरा वताएका थिए । निशुल्क औषधीको उपचारको व्यवस्था हुने नियम वनाई दिए हुने थियो भने उत्तरदाताहरुलाई भत्ताले औषधी खान मात्र ठिक्क भएको र ठुलो रोग लाग्दा ऋण लिएर उपचार गर्नु परेको कुरा वताएका थिए । भत्ता वढाई दिए हुने थियो भन्ने उत्तरदाताहरुले भत्ताले आधारभूत आवश्यकता परिपूर्ति गर्न नसकेको हुदा भत्ता वढाई दिए हुने थियो भने कुरा वताएका थिए । त्यसै गरी भत्ता दिने व्यवस्था नहटाई दिए हुने थियो भन्ने उत्तरदाताहरुले सरकारले अव भत्ताको व्यवस्था हटाई दिन्छ भन्ने कुरा सुनेका थियौं ।

सरकारले भत्ता नहटाई दिए हुने थियो भत्ता वाचुन्जेल खान पाउने व्यवस्था भए हुने थियो भनेको थिए ।

## ५.५ वृद्ध अवस्थाको अनुभवको धारणा

६० वर्ष भन्दा माथीको जनसंख्यालाई आश्रित जनसंख्या भनिन्छ । वृद्ध अवस्था भनेको प्राकृतिक रुपमा नै मानिस शारिरिक र मानसिक रुपमा कमजोर हुदै जाने अवस्था हो । त्यसकारण वृद्ध अवस्था जिवन विताउन गाह्रो हुन्छ । अध्ययन क्षेत्रमा उतरदाताहरुको विचार तलको  तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ५.५ : वृद्ध अवस्थाको अनुभव**


| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| ग्राह्रो छ | ७० | ८४:३३ |
| ग्राह्रो छैन | १३ | १५:६६ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा वृद्ध भएर वाँच्न गाऱ्हो छ, भने उत्तरदाताहरुको संख्या ८४:३३ प्रतिशत रहेको पाइयो भने वृद्ध भएर वाँच्न गाहो छैन भन्ने उत्तरदाताहरुको संख्या १५:६६ प्रतिशत रहेको पाइयो । वृद्ध भएर वाँच्न गाहो छ भन्ने उत्तरदाताहरुको शारिरिक रुपमा अशक्त हुँदै जादाँ काम गर्न हिड्डुल गर्ने क्षमता हुदैन खान,वस्न परिवारका सदस्यहरुको सहयोग आवश्यक पर्दछ । घर परिवार सदस्यहरुले हेर विचार गर्न पऱ्यो भनेर कहिले काहि रिसाउछन् । अरुको वोझ भएर वाँच्न पर्ने हुदाँ गाहो हुन्छ भन्ने कुरा वताएका थिए । वृद्ध अवस्थामा वाँच्न गाह्रो छैन भने उतरदाताहरु ७० वर्ष पुरा भए पनि काम गर्न सक्ने,हिडडुल गर्न सक्ने आर्थिक रुपमा सम्पन्न भएका उत्तरदाताहरुले वृद्ध अवस्था भएनी वाँच्न गाह्रो छैन भने कुरा वताएका थिए । यसरी हेर्दा वृद्ध भएर वाँच्न गाह्रो छ भने उत्तरदाताहरुको संख्या वढि र वृद्ध अवस्थामा वाँच्न गाह्रो छैंन भने उत्तरदाताहरुको सख्या कम पाइयो ।

## ५.६ भत्ता हुँदैन्थ्यो भने उत्तरदाताहरुको जिवनमा पर्ने प्रभावको विवरण

ज्येष्ठ नागरिकको जिवन यापनमा केही सहजता मिल्योस भन्ने उद्देश्यका साथ वि.स. २०५१ साल देखि ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ताको व्यावस्था नेपालमा गरियो । भत्ताको व्यवस्थावाट ज्येष्ठ नागरिकहरुले जिवन निर्वाह गर्ने धेरै ठूलो सहयोग मिलेको छ । भत्ताको व्यवस्था हुदैन्थ्यो भने जिवन यापनमा कस्तो प्रभाव पर्ने थियो भनी अध्ययन क्षेत्रमा उत्तरदाताहरुलाई सोधिएको थियो उनीहरुको भनाईलाई तलको वृद्धचित्रमा देखाउन खोजिएको छ ।




**चित्र : ५.१ उत्तरदाताहरुलाई भत्ताको प्रभाव**

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको चित्र अनुसार भत्ताको व्यवस्था हुदैन्थ्यो भने भोक भोकै मन पर्ने थियो भन्ने उत्तरदाताहरुको संख्या १०.८४ प्रतिशत रहेको पाइयो । भने भत्ताको व्यवस्था हुदैन्थ्यो भने जिवन यापन गाह्रो हुने थियो भन्ने उत्तरदाताहरुको संख्या ६५.०६ प्रतिशत रहेको पाइयो । त्यसै गरी भत्ताको व्यवस्था नभए पनि जिवन यापनमा खासै प्रभाव पर्ने थिएन भन्ने उत्तरदाताहरुको संख्या २४.०९ प्रतिशत रहेको पाइयो । भत्ताको व्यवस्था हुदैन्थ्यो भने भोक भोकै मरिने थियो भन्ने उत्तरदाताहरुको भत्ता वाहेक अरु आम्दानीको स्रोत नभएको र उनीहरुलाई छोरा छोरीले पनि आर्थिक सहयोग नगरेको वताएका थिए । गाह्रो हुने थियो

भन्ने उत्तरदाताहरुले भत्ताले गर्दा जिवन यापनमा ठूलो राहत भएको छ । छोरा छोरीलाई आर्थिक वोझ केही कम भएको छ । समान्य दाल भात खान पुगेको कुरा वताएका थिए । खासै प्रभाव पर्ने थिएन भन्ने उत्तरदाताहरु मध्ये अधिकाशं उत्तरदाताहरुको पेन्सन भएको र केही उत्तरदाताहरुको छोरा छोरीले राम्रो हेर विचार गर्ने भएकाले भत्ता नभए पनि खासै प्रभाव नपर्ने कुरा वताएका थिए ।

## वैयक्तिक अध्ययन

*मेरो नाम देवकी घर्ति हो । नाम परिवर्तन गरेको मेरो घर पोखरा महानगरपालिका ३३ मा पर्दछ । मेरो उमेर ७६ वर्ष भयो । मेरो पेसा कृषि हो । म निरक्षर छु । मेरा दुई छोरीहरु छन् । उनीहरुको विवाह भई सक्यो । म संग अहिले जेठि छोरीका दुई सन्तानहरु वसोवास गर्दछन् । मरो श्रीमान अर्को श्रीमती संग वस्नु हुन्छ । म अहिले सम्म सामान्य कृषि काम गर्न सक्छु । कृषि बाट आय भएको रकमबाट नातिनातिनाहरुको लागि शिक्षामा खर्च गर्छु वृद्ध भत्ता बाट आएको रकमले विहान वेलुकाको छाक टार्ने गरेको छु । चाहिएको आवश्यक सामाग्रीहरु पसलबाट ऋण गरेर लिएर आउछु भत्ता बुझेर पसलमा रासन पानिको पैसा तिर्ने गर्दछु । सरकारले वृद्ध भत्ता दिदैन्थ्यो भने भोक भोकै मर्नु पर्ने अवस्था आउने थियो । सरकारले ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिदिएर हामी जस्तो गरिव ज्येष्ठ नागरिको जिवनमा ठुलो गुन लगाएको छ । यदि भत्ताको व्यवस्था हुदैन्थ्यो भने दैनिक जिवन निर्वाह गर्न निकै कठिन पर्ने थियो । सरकारलाई मैले धेरै धेरै धन्यवाद दिएको छु । सरकारले दिएको मासिक भत्ताले आधारभुत आवश्यकता परिपूर्ति नगरेता पनि विहान वेलुका दाल भात खान मात्रै त पुगेको छ । त्यसकारण ज्येष्ठ नागरिकहरुको जिवन निर्वाहमा ठुलो सहयोग पुगेको छ । छोरा छैनन् आफ्ना छारीहरुको पनि त्यति राम्रो छैन् वुढेशकालमा दु.ख पाइन्छ कि भन्ने कुराको चिन्ता लाग्छ । मैले नसक्ने भए पछि नातिनातिनाहरुको शिक्षा दिक्षा पनि वन्द हुन्छ पिर लाग्छ । सरकारले ज्येष्ठ नागरिक भत्ताको व्यवस्थालाई निरन्तरता दिए हुन्थ्यो जस्तो लाग्छ ।*

## ५.७ ज्येष्ठ नागरिक ऐन सम्वन्धीत धारणा

नेपालको अन्तरिम संविधान ऐन नं.२२,२०६३ ले ज्येष्ठ नागरिकसंग सम्वन्धीत थुप्रै ऐनहरु निर्माण गरेको पाइन्छ । सरकारी तवरवाट नै नियम ऐन कानुनको कडाईका साथ लागु गर्न सकेको छैन । ज्येष्ठ नागरिकसंग सम्वन्धीत कस्ता नियम कानुनहरु निर्माण गरिएका छन् भन्ने कुरा स्वयम ज्येष्ठ नागरिकहरुलाई नै थाहा छैन । अधिकाशं ज्येष्ठ नागरिकहरु यस वारेमा अनविज्ञय छन् । तलको तालिकामा ज्येष्ठ नागरिक सम्वन्धी नियमको जानकारीलाई देखाउन खोजिएको छ ।

**तालिका नं. ५.६ : उत्तरदाताहरुको ऐन जानकारीको विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| थाहा छ | २ | २.४० |
| थाहा छैन | ५८ | ६९.८७ |
| सुनेकै छैन | २३ | २७.७१ |
| जम्मा | ८३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिकामा ज्येष्ठ नागरिक सम्वन्धी ऐन थाहा छ भन्ने उत्तरदाताहरुको संख्या २.४० प्रतिशत रहेको पाइयो भन्ने थाहा छैन भन्ने उत्तरदाताहरुको संख्या ६९.८७ प्रतिशत रहेको पाइयो । त्यसैगरी सुनेकै छैन भन्ने उत्तरदाताहरुको संख्या २७.७१ प्रतिशत रहेको पाइयो । थाहा छ भन्ने उत्तरदाताहरुले आफु साक्षर भएको कारणले अलि अलि कुरा पढेर थाहा पाएको कुरा वताएका थिए । थाहा  छैन भन्ने उत्तरदाताहरुले आफुलाई पढ्न लेख्न आउदैन अरु कसैले भन्दैनन् हामीलाई के-के नियम कानुन छन् । ज्येष्ठ नागरिक नियम सम्वन्धी केही कुरा थाहा नभएको वताएका थिए । केही उत्तरदाताहरुले आफुलाई नियम कानुन छ भन्ने कुरा पनि नसुनेको वताएका थिए ।

# अध्याय : छ

# जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र प्रभाव

यस अध्यायमा उत्तरदाताहरुले राज्यले दिएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोगशैली र प्रभावको वारेमा विभिन्न उप शिर्षकहरु समावेश गरिएको छ जुन निम्न अनुसार छन् ।

## ६.१ उत्तरदाताहरुको सामाजिक कार्यमा भत्ता खर्च सम्वन्धी विवरण

समाजिक कार्य एउटा सार्वजनिक हितको लागि गरिने कार्य हो । जसले सिगों समाजको हितको लागि काम गरेको हुन्छ । त्यसवाट हुने लाभ र हानिको जिम्मेवारी पनि समाजका व्यक्तिहरु नै हुन्छन् । ज्येष्ठ नागरिकहरुले भत्ताको प्रयोग समाजिक कार्यमा सहयोग गर्ने गरेको छ कि छैन भन्ने उद्देश्यका साथ उत्तरदाताहरुलाई गरेको प्रश्नमा उत्तरदाताहरुको भनाइलाई निम्न तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ६.१ : उत्तरदाताहरुको सामाजिक कार्यमा सहयोग**

| समाजिक कार्य | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग गर्ने | ६३ | ७५.९० |
| सहयोग नगर्ने | २० | २४.०९ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा समाजिक कार्यमा सहयोग गर्छौ भन्ने उत्तरदाताहरुको संख्या ७५.९० प्रतिशत रहेको पाइयो । सामाजिक कार्यमा सहयोग गर्दिन्न भन्ने उत्तरदाताहरुको संख्या २४.०९ प्रतिशत रहेको पाइयो । सामाजिक कार्य वाटो निर्माण, मठ मन्दिर निर्माण, पाटि पौवा र धारो निर्माण कार्यमा सहयोग गर्छौ भन्ने उत्तरदाताहरुले आफुले धेरै थोरै जति सकिन्छ, त्यति रकम सहयोग गरेको कुरा वताएका थिए । शारिरिक रुपमा सक्षम उत्तरदाताहरुले श्रम सहयोग पनि गरेको कुरा वताएका थिए ।सामाजिक कार्यमा खर्च नगर्ने

उत्तरदाताहरुले पैसा नै पुग्दैन कतावाट सामाजिक कार्यमा सहयोग गर्ने हो भन्ने कुरा वताएको थिए ।

## ६.२ उत्तरदाताहरुको चुरोट, सुर्ती र मादक पदार्थ सेवन गर्ने नगर्ने सम्वन्धी विवरण

चुरोट, सुर्ती, मादक पदार्थ स्वास्थ्यको लागि हानीकारक छ भन्ने कुरा थाहा हुदा हुदै पनि आधिकांश मानिसहरु यसको सिकार वनेका छन् । स्वास्थ्यको दृष्टिकोणले यि कुराको सेवन गर्नु भनेको रोग निम्त्याउनु हो । मानिसहरु अज्ञानताको कारणले भन्दा पनि जानि जानि विभिन्न वाहाना वनाए र चुरोट, सुर्ती, मादक पदार्थ सेवन गर्दछन । अध्ययन क्षेत्रका उत्तरदाताहरुको चुरोट, सुर्ति, मादक पदार्थ सेवन गर्ने र नगर्ने वानीलाई तलको तालिकामा प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं. ६.२ : उत्तरदाताहरुको चुरोट, सुर्ती र मादन पदार्थ सेवन सम्वन्धी विवरण**

| विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| चुरोट पिउने | ५ | ६.०२ | ६ | ७.२२ | ११ | १३.२५ |
| सुर्ती सेवन गर्ने | ६ | ७.२२ | २ | २.४० | ८ | ९.६३ |
| रक्सी सेवन गर्ने | ३ | ३.६१ | १९ | २२.८९ | २२ | २६.५० |
| सेवन नगर्ने | २३ | २७.७१ | १९ | २२.८९ | ४२ | ५०.६ |
| जम्मा | ३६ | ४४.५६ | ४६ | ५५.४ | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा चुरोट पिउने उत्तरदाताहरुको संख्या १३.२५ प्रतिशत रहेको पाइयो । सुर्ती सेवन गर्ने उत्तरदाताहरुको संख्या ९.६३ प्रतिशत रहेको पाइयो, त्यसै गरि रक्सी सेवन गर्ने उत्तरदाताहरुको संख्या २६.५० प्रतिशत रहेको पाइयो । चुरोट, सुर्ति र रक्सी सेवन नगर्ने उत्तरदाताहरुको संख्या ५०.६० प्रतिशत रहेको पाइयो । चुरोट, सुर्ति र रक्सी सेवन गर्ने उत्तरदाताहरु आफुले सानो उमेर हुदा नै साथिसंगीको लैहिलैहिमा लागेर सेवन गर्ने वानी वसेको र पछि त्यो वानि छुटाउन नसकेको कुरा वताएका थिए । चुरोट पिउने, सुर्ति सेवन गर्ने र रक्सी सेवन गर्ने उत्तरदाताहरुले भत्ताको केही रकम चुरोट सुर्ति र रक्सी सेवनमा खर्च गर्ने पनि वताएका थिए भने केहि उत्तरदाताहरुले भत्ताको सबै रकम रक्सी

खाएर सिध्याउने गरेको पनि वताएका थिए । चुरोट, सुर्ति र रक्सी सेवन गर्ने उत्तरदाताहरुमा दम, उच्च रक्तचाप ग्याष्ट्रिक जस्ता रोगहरु भएको कुरा पनि उत्तरदाताहरुले वताएका थिए ।

## ६.३ उत्तरदाताहरुको स्वास्थ्यको विवरण

स्वास्थ्य भनेको मानव जिवनको एउटा अत्यन्तै महत्वपूर्ण पक्ष हो । स्वास्थ्य नै मानिसको धन हो । स्वास्थ्य रहयो भने मानिसले सम्पूर्ण कार्य सहज र सरल किसिमले गर्न सक्छ । वृद्ध उमेर भनेको शारिरिक र मानसिक दुवै रुपमा कमजोर हुने अवस्था हो । यो अवस्थामा स्वास्थ्यमा विशेष ख्याल गर्नु आवश्यक छ । वृद्धहरुलाई उनीहरुको परिवारका सदस्यहरुले विशेष हेरबिचार गरियो भने उनीहरुलाई जिवन जिउन सहज हुन्छ । वृद्ध अवस्था हुदै गए पछि मानिसमा रोग प्रतिरोधात्मक क्षमता कम हुदै जान्छ जसले गर्दा मानिसलाई बिभिन्न रोगले आक्रमण गर्दछ । कोहि मानिसलाई दिर्घ रोगले आंक्रमण गर्दछ भने कसैलाई सामान्य रोगले आंक्रमण गर्दछ । तलको तालिकामा उत्तरदाताहरुको स्वास्थ्य अवस्थालाई देखाउन खोजिएको छ ।

**तालिका नं. ६.३ : उत्तरदाताहरुको स्वास्थ्य विवरण**

| **स्वास्थ्य अवस्था** | **उत्तरदाताहरुको संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १७ | २०.४८ |
| नराम्रो | ३९ | ४६.९८ |
| ठिकै | २५ | ३०.१२ |
| अन्य | २ | २.४० |
| जम्मा | ८३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार राम्रो स्वास्थ्य अवस्था हुनु उत्तरदाताहरुको संख्या २०.४८ प्रतिशत रहेको पाइयो त्यसैगरी नराम्रो स्वास्थ्य अवस्था हुने उत्तरदाताहरुको संख्या ४६.९८ प्रतिशत रहेको पाइयो । स्वास्थ्य अवस्था ठिकै भएका उत्तरदाताहरुको संख्या ३०.१२ प्रतिशत रहेको पाइयो भने अन्य उत्तरदाताहरुको संख्या २.४० प्रतिशत रहेको पाइयो । राम्रो स्वास्थ्य अवस्था भएका उत्तरदाताहरुले आफुलाई कुनै किसिमको औषधी सेवन गर्न नपर्ने र वृद्ध अवस्था भए पनि स्वास्थ्य भएको कुरा वताएका थिए । नराम्रो स्वास्थ्य अवस्था भएको

उत्तरदाताहरु आफुहरुलाई, दम, सुगर, उच्चरक्तचाप ग्याटिक र घुडा दुख्ने समस्या भएको कुरा वताएका थिए । उनीहरुले यो रोगको नियमित रुपमा औषधी पनि सेवन गरेको कुरा वताएका थिए । स्वास्थ्य अवस्था ठिकै भएका उत्तरदाताहरुले नियमित औषधी सेवन गर्न नपरेता पनि वृद्ध अवस्थाले गर्दा होला वेला वेला समान्य विरामी हुने कुरा वताएका थिए । अन्यमा दुई जना उत्तरदाताहरु शारिरिक र मानसिक दुवै रुपमा अत्यन्तै कमजोर थिए । शारिरिक रुपमा हिडडुल गर्न पनि नसक्ने र मानसिक रुपमा अशक्त रहेको पाइयो । उनीहरुले शारिरिक र मानसिक रोगको नियमित औषधी सेवन गरेको वताएका थिए ।

## ६.४ उत्तरदाताहरुको नियमित औषधी सेवन सम्वन्धी विवरण

रोग मानिसको सवै भन्दा ठुलो शत्रु हो । रोगले मानिसलाई कमजोर र अशक्त वनाउछ । वृद्ध अवस्थामा मानिस शारिरिक रुपमा अशक्त हुने भएकाले रोगले छिटै आक्रमण गर्दछ । मानिसलाई निको हुने र निको नहुने अर्थात दिर्घकालीन रोगहरु लाग्ने गर्दछन् । अनुसन्धानको क्रममा उत्तरदाताहरुमा नियमित औषधी सेवन गर्नु पर्ने र नियमित औषधी सेवन गर्नु नपर्ने उत्तरदाताहरुको संख्यालाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ६.४ : नियमित औषधी सेवन गर्ने नगर्ने सम्वन्धी विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| नियमित औषधी सेवन गर्ने | ४१ | ४९.३९ |
| नियमित औषधी सेवन नगर्ने | ४२ | ५०.६० |
| जम्मा | ८३ | १०० |


स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार नियमित औषधी सेवन गर्नु पर्ने दीर्घकालिन रोग लागेको उत्तरदाताहरुको संख्या ४९.३९ प्रतिशत पाइयो भने नियमित रुपमा औषधी सेवन गर्न नपर्ने उत्तरदाताहरुको संख्या ५०.६० प्रतिशत रहेको पाइयो । यसरी हेर्दा नियमित औषधी सेवन गर्ने र नगर्ने उत्तरदाताहरुको संख्या लगभग वरावर जस्तो पाइयो । नियमित औषधी सेवन गर्नु पर्ने उत्तरदाताहरुलाई उच्च रक्तचाप, सुगर, दम, ग्याष्ट्रिक जस्ता रोगहरु लागेको पाइयो । अधिकाशं उत्तरदाताहरुले नियमित औषधी सेवन गर्ने खर्च जेष्ठ नागरिक समाजिक सुरक्षा भत्तावाट पाएको रकमको प्रयोग गरेको वताएका थिए । केहि उत्तरदाताहरुले औषधी

उपचार खर्च छोरा छोरीले दिने हुदा भत्ताको रकम अन्य कार्यको लागि खर्च गरेको वताएका थिए । नियमित औषधी सेवन गर्नु नपर्ने उत्तरदाताहरुमा दीघकालीन रोग नभएको र कहिले काहि विरामि भएता पनि नियमित औषधी सेवन गर्न नपरेको कुरा वताएका थिए ।

## ६.५ उत्तरदाताहरुको न्यूनतम आवश्यकता परिपूर्ति सम्वन्धी विवरण

आत्मा रक्षाको लागि नभई नहुने न्यूनतम आवश्यकता भनेको गास, वास र कपास हो जिवन निर्वाह गर्नको लागि नभई नहुने यि तत्वहरु जिवनमा अपरिहार्य छन् । मासिक भत्ताले ज्येष्ठ नागरिकहरुको आवश्यकता परिपूर्ति गरेको छ कि छैन भनि उत्तरदाताहरुसंग प्रश्न गरिएको थियो । उत्तरदाताहरुको भनाइलाई तलको वृत्तचित्रमा देखाउन खोजिएको छ ।




**चित्र : ६.१ न्यूनतम आवश्यकता पुरा भएको नभएको सम्वन्धी विवरण**

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको चित्र अनुसार जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले आफुलाई दाल भात खान पुगेको छ भन्ने उत्तरदाताहरुको संख्या ८.४३ प्रतिशत रहेको पाइयो भने खान र लगाउन पुगेको छ भन्ने उत्तरदाताहरुको संख्या १२.०४ प्रतिशत रहेको पाइयो । आफ्नो न्यूनतम आवश्यकताहरु परिपूर्ति भएको छैन भन्ने उत्तरदाताहरुको संख्या ७९.५१ प्रतिशत रहेको पाइयो । खान लगाउन पुगेको छ भन्ने उत्तरदाताहरु धेरै विधुवा महिला र एक्लै वसोवास गर्ने उत्तरदाताहरु रहेको पाइयो भने दाल भात खान पुगेको छ भन्ने उत्तरदाताहरु बुढा बुढी मात्र बसोबास गर्ने र भत्ता बुझेको पैसाले विहान वेलुका हात मुख जोड्ने वाटो भएको छ

भन्ने कुरा बताएका थिए । न्यूनतम आवश्यकता पुरा भएको छैन भन्ने उत्तरदाताहरुले खान लगाउन औषधी उपचार गर्न नपुगेको कुरा वताएका थिए । यसरी हेर्दा न्यूनतम आवश्यकता परिपूर्ति भएको छ भन्ने उत्तरदाताहरुको संख्या कम र भएको छैन भन्ने उत्तरदाताहरुको संख्या वढी रहेको पाइयो ।

## ६.६ उत्तरदाताहरुको भत्ता वचत सम्वन्धी विवरण

वचत भनेको वर्तमान अवश्यकतालाई परिपूर्ति गर्दै भविष्यका लागि परी आउने दुःख सुखमा खर्च गर्ने सोचले राखेको रकम लाई बुझाउछ । जेष्ठ नागरिकले भत्ताको रकम वचत गर्ने नगर्ने विवरणलाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ६.५ : उत्तरदाताहरुको भत्ता वचत गर्ने नगर्ने सम्वन्धी विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| भत्ता वचत गर्छु | ५ | ६.०२ |
| भत्ता वचत गर्दिन | ३४ | ४०.९६ |
| भत्ता वचत गर्न पुग्दैन | ४४ | ५३.०१ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिकामा भत्ता वचत गर्छु भन्ने उत्तरदाताहरुको संख्या ६.०२ प्रतिशत रहेको पाइयो भने भत्ता वचत गर्दिन भन्ने उत्तरदाताहरुको संख्या ४०.९६ प्रतिशत रहेको पाइयो । त्यसैगरी भत्ता वचत गर्न पुग्दैन भने उत्तरदाताहरुको संख्या ५३.०१ प्रतिशत रहेको पाइयो । भत्ता वचत गर्छु भन्ने उत्तरदाताहरु मध्ये केही उत्तरदाताहरुले आफ्नो पेन्सन भएको र छोरा छारीले नि आर्थिक सहयोग गर्ने हुदा भत्ताको रकम वचत गरेर समाजिक कार्यमा खर्च गर्ने र नातिनातिनाहरु को शिक्षामा खर्च गरिदिएको कुरा वताएका थिए भने केही उत्तरदाताहरुले मरे पछि काजक्रिया गर्न छोराछोरीलाई सजिलो हुन्छ भनेर केही रकम वचत गर्छु भनेका थिए । वचत गर्दिन भन्ने उत्तरदाताहरुले भत्ताले खान, लगाउन ठिकै भएको र कहिले कहि वाकी रहेको पैसा नाति नातिनाहरुलाई स्कुल जाँदा खाजा खान दिन्छौँ भन्ने कुरा वताएका थिए । भत्ता वचत गर्न पुग्दैन भन्ने उत्तरदाताहरुले भत्ताले आफुहरुलाई खान, लगाउन नि नपुगेको कुरा वताएका थिए । यसरी हेर्दा भत्ता वचत गर्छु भन्ने उत्तरदाताहरुको संख्या सवैभन्दा कम र भत्ता वचत गर्न पुग्दैन भन्ने उत्तरदाताहरुको संख्या वढी पाइयो ।

## वैयक्तिक अध्ययन

*मेरो नाम लोक वहादुर लामिछाने हो । मेरो उमेर ७८ वर्ष भयो म पोखरा महानगरपालिका वडा नं. ३३ मा वसोवास गर्दछु । मेरो दुई श्रीमतीहरु छन् । ६ जना छोरा र ५ जना छोरीहरु छन् । मेरो मुख्य पेशा कृषि नै हो । मैले लेखपढ गर्न जानेको छु । मेरा सवै छोराछोरीहरुको विवाह भइसकेको छ । कान्छी श्रीमती छोराबुहारी संग वस्दछिन् । म र मेरी जेठी श्रीमती गाउँको घरमा वसोवास गरेका छौं । हामीसंग कान्छि छोरीको छोरी नातिनि साथी बसेकी छन् । छोराहरु आफ्नो आफ्नो परिवार लिएर घर बाहिर बसेका छन् । कुनै छोराहरुले जागीर गर्दछन् । भने कुनै छोराहरुले आफ्नै व्यवसाय सञ्चालन गरेका छन् । सबैको व्यवस्था राम्रो छ । मेरो प्रशस्त जमिन छ । अहिले सम्म म आफु पनि कृषि कार्य गर्न सक्छु । धान चामल वेचेर पनि केहि आम्दानि हुने गर्दछ । छोराछोरीहरुले पनि बेलाबखतमा केहि आर्थिक सहयोग गर्दछन् । त्यस कारण मलाई कुनै किसिमको आर्थिक अभाव छैन् । विरामि हुदा छोराहरुले उपचार खर्च व्यहोरी दिन्छन् । मलाई अहिले सम्म त्यस्तो ठुलो रोग लागेको छैन् । म नियमित रुपमा औषधि सेवन पनि गर्दिन । मैले पाएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता मैले नातिनिलाई पढाउनमा खर्च गरेको छु । मलाई त ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको खासै आवश्यकता छैन् तर गरिव, दुखि, अशाहे, छोरा छोरीले हेरविचार नगर्ने मानिसहरुलाई त ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले पुनर जिवन नै दिएको छ । सरकारको यो रणनितीले धेरै वृद्ध वृद्धाहरु लाभाम्वित भएका छन् ।*

## ६.७ उत्तरदाताहरुको भत्ता खर्च सम्वन्धी निर्णय प्रक्रिया

नेपाल सरकारको योजना अनुरुप सञ्चालनमा आएको सामाजिक सुरक्षा भत्ता अर्न्तगतको ( ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता) कार्यक्रमले ७० वर्ष पुरा भएका महिला पुरुषलाई मासिक रुपमा रु २००० र नगरपालिकाले रु २०० गरेर रु २२०० मासिक दिने रकमलाई एक मुष्ट चौमासिक रुपमा दिने गर्दछ । अन्य आम्दानीको स्रोत नुहने र छोरा छोरीले आर्थिक सहयोग नगर्ने ज्येष्ठ नागरिकहरुको लागि यो कार्यक्रम अत्यन्तै लाभ दायिक भएको पाइन्छ । उत्तरदाताहरुको भत्ता खर्चको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.६ : उत्तरदाताहरुको भत्ता खर्च सम्वन्धी निर्णय प्रक्रिया**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| आफै खर्च गर्ने | ३० | ३६.१४ |
| परिवारलाई दिने | ५३ | ६३.८५ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार भत्ता आफै खर्च गर्ने उत्तरदाताहरुको संख्या ३६.१४ प्रतिशत रहेको पाइयो । भने भत्ता बुझेर परिवारका सदस्यलाई दिने उत्तरदाताहरुको संख्या ६३.८५ प्रतिशत रहेको पाइयो । भत्ता आफै खर्च गर्न उत्तरदाताहरु एक्लै वस्ने, श्रीमान श्रीमती मात्र वस्ने र छोरा छोरीहरुले आर्थिक सहयोग नगर्ने उत्तरदाताहरु रहेका थिए भने केही उत्तरदाताहरु छोरा छोरीले सवै कुराको हेर विचार गरेर भत्ता आफु इच्छा वमोजिंम खर्च गर्न दिएको कुरा वताएका थिए । परिवारलाई भत्ता दिने उत्तरदाताहरु परिवार संगसगैं वस्ने गरेको पाइयो । भत्ता वुझेर उनीहरुले घर खर्च भने र परिवारका सदस्यलाई दिएको वताएका थिए । केहि उत्तरदाताहरुले भत्ता परिवारको सदस्यलाई दिँदा पनि त्यति पैसाले आफ्नो खर्च नपुगेको भनेर परिवारका सदस्यले वचन लगाएको कुरा वताएका थिए ।

## ६.८ उत्तरदाताहरुको शारिरिक अवस्था

वृद्ध अवस्था भनेको अरुमा आश्रित हुने अवस्था हो । जव उमेर ढल्कदै जान्छ मानिसहरुमा प्राकृतिक रुपमा नै शारिरिक कमजोरीपन वढ्दै जान्छ । उनीहरुलाई यो अवस्थामा

परिवारको सहयोगको आवश्यकता पर्दछ । तलको तालिकामा उत्तरदाताहरुको शारिरिक अवस्था वारेमा उल्लेख गरिएको छ ।

**तालिका नं. ६.७ : उत्तरदाताहरुको शारिरिक अवस्था**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| खाना खुवाउन सहयोग गर्नु पर्ने | ३ | ३.६१ |
| आफै खाना खान सक्ने अन्य काम गर्न नसक्ने | ९ | १०.८४ |
| सहयोग आवश्यक नपर्ने | ७१ | ८५.५४ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार शारिरिक अवस्था कमजोर भएर खाना खुवाउन सहयोग गर्नुपर्ने उत्तरदाताहरुको संख्या ३.६१ प्रतिशत पाइयो भने खाना आफै खान सक्ने अन्य कार्य गर्न नसक्ने उत्तरदाताहरुको संख्या १०.८४ प्रतिशत रहेको पाइयो । आफ्नो काम आफैले गर्न सक्ने उत्तरदाताहरुको संख्या ८५.५४ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा दैनिक कार्यमा अरुको सहयोग आवश्यक पर्ने उत्तरदाताहरुको संख्या कम र दैनिक क्रियाकलाप आफै गर्न सक्ने उत्तरदाताहरुको सख्या वढी रहेको पाइयो । दैनिक क्रियाकलापमा अरुको सहयोग आवश्यक पर्ने उत्तरदाताहरुको स्वास्थ्य अवस्था अत्यन्तै कमजोर र रोगले ग्रसित वनाएको पाइयो भने दैनिक क्रियाकलापमा अरुको सहयोग नचाहिने उत्तरदाताहरुको स्वास्थ्य अवस्था कमजोर भए पनि आफ्नो दैनिक क्रियाकलापमा अरुको सहयोग आवश्यक नपर्ने वताएका थिए ।

## ६.९ उत्तरदाताहरुको दान दक्षिणा गर्ने सम्वन्धी विवरण

नेपाल वहुकला र सस्कृति भएको एउटा सुन्दर देश हो । कला सस्कृतिलाई निरन्तरता दिने क्रममा हामीले धेरै किसिमका चाडपर्वहरु मनाउने गर्दछौ । चाडपर्वमा रमाउनुको साथ साथै छोरी, ज्वाई, नाति, नातिना र आफ्ना कुटुम्वहरुलाई टिका लगाएर दान दक्षिणा गर्ने परम्परा परापूर्वकाल देखि नै चलि आएको पाइन्छ । त्यहि कला संस्कृति वर्तमान समयमा पनि यथावत नै रहेको पाइन्छ । यो जाति विशेष फरक फरक किसिमको हुने गर्दछ । तलको तालिकामा उत्तरदाताहरुको दानदक्षिण गर्ने सम्वन्धी विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.८ : दान दक्षिणा गर्ने नगर्ने सम्वन्धी विवरण**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| दान दक्षिण गर्ने | ६५ | ७८.३१ |
| दानदक्षिण नगर्ने | १८ | २१.६८ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार चाड पर्व दान दक्षिण गर्ने उत्तरदाताहरुको संख्या ७८.३१ प्रतिशत रहेको पाइयो, भने चार्ड पर्वमा दान दक्षिण नगर्ने उत्तरदाताहरुको संख्या । २१.६८ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा दान दक्षिणा गर्ने उत्तरदाताहरुले वढी र दान दक्षिणा नगर्ने उत्तरदाताहरुको संख्या कम रहेका पाइयो । दान दक्षिणामा भत्ताको प्रयोग गर्ने अधिकाशं उत्तरदाताहरुले औंसी पूर्णिमामा नाति नातिनालाई टिका लगाएर दक्षिण स्वरुप पैसा दिने वताएका थिए । त्यसै गरी चार्डपर्व आएको वेला दानदक्षिण गर्न भनेर केही रकम छुट्याउने गरेको कुरा वताएका थिए । दान दक्षिणमा भत्ताको प्रयोग नगर्ने उत्तरदाताहरुले भत्ताले आफुलाई पनि नपुग्ने भएकोले भत्ताको प्रयोग दान दक्षिणामा नगर्ने कुरा वताएका थिए ।

## ६.१० उत्तरदाताहरुले नियमित रुपमा खाने औषधीमा हुने मासिक खर्च

मानिसलाई दिर्घकालीन रोग लागि सके पछि नियमित रुपमा औषधी सेवन गरेर रोगलाई नियन्त्रण गर्नु पर्ने हुन्छ । अनुसन्धानको क्रममा दिर्घरोग लागेको उत्तरदाताहरुले आफुले नियमित रुपमा औषधी सेवन गरेको कुरा वताएका थिए । नियमित रुपमा औषधी उपचारमा हुने खर्च र नियमित रुपमा औषधीमा खर्च गर्न नपर्ने उत्तरदाताहरुले संख्यालाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ६.९ : उत्तरदाताहरुको नियमित रुपमा औषधीमा हुने खर्च**

| रकम रु. | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| ५००-१००० | २९ | ३४.९३ |
| १०००-२००० | ८ | ९.६३ |
| २००० माथि | ४ | ४.८१ |
| हुदैन | ४२ | ५०.६० |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार नियमित औषधीमा मासिक ५०० देखि १००० खर्च हुने उत्तरदाताहरुको संख्या ३४.९३ प्रतिशत पाइयो त्यसैगरी मासिक १०००-२००० रुपैया खर्च हुने उत्तरदाताहरुको संख्या ९.६३ प्रतिशत रहेको पाइयो । २००० भन्दा माथि औषधीमा खर्च हुने उत्तरदाताहरुको संख्याा ४.८१ प्रतिशत रहेको पाइयो । मासिक रुपमा औषधीमा खर्च नहुने उत्तरदाताहरुको संख्या ५०.६० प्रतिशत रहेको पाइयो । मासिक रुपमा ५०० देखि १००० खर्च हुने उत्तरदाताहरुले एउटा मात्र रोगको नियमित रुपमा औषधी सेवन गनुपर्ने वताएका थिए । २००० भन्दा माथि मासिक रुपमा औषधीमा खर्च हुने उत्तरदाताहरुले दुइ ओटा रोगको दीर्घकालीन रुपमा औषधी सेवन गनुपर्ने वताएका थिए । २००० भन्दा माथि मासिक रुपमा औषधीमा खर्च हुने उत्तरदाताहरुले आफुलाई मुटु सम्वन्धी रोग, उच्चरक्तचाप, ग्याष्ट्रिक, मधु मेह जस्ता विभिन्न रोगको नियमित औषधी सेवन गर्नु पर्ने कुरा वताएका थिए । भत्ताको पैसाले नियमित औषधी सम्म नि सेवन गर्न नपुगेको कुरा अनुसन्धानको क्रममा उत्तरदाताहरुले वताएका थिए । त्यसै गरी मासिक रुपमा औषधीमा खर्च नहुने उत्तरदाताहरुले आफुलाई दीर्घकालीन रोग नलागेको र विरामी भए पनि कहिले कहि सामान्य औषधी उपचारवाट सन्चो हुने वताएका थिए ।

## वैयक्तिक अध्ययन

*मेरो नाम कृष्ण बहादुर परियार (नाम परिवर्तन भएको) हो । म पोखरा महानगरपालिका ३३ मा वसोवास गर्दछु । मेरो उमेर ७५ वर्ष भयो । म लेखपढ गर्न जान्दिन । मेरो दुई छोरा र एक छोरी छन् । दुई छोराको पनि विवाह भई सक्यो नाति नातिनाहरु छन् । उनीहरु चितवन तिर गएर वसोवास गरेका छन् । अहिले म र मेरी श्रीमती दुई जना बुढाबुढी मात्रै बस्छौ । मरो मुख्य पेशा कृषि हो । तर अहिले म कुनै कृषि कर्म गर्न सक्दिन । वृद्ध भत्ता वाहेक हाम्रो आम्दानीको स्रोत छैन् । मलाई चाडैनी रोग लाग्यो १० वर्ष देखि मैले ग्यास्टिक, दम, र पेसरको नियमित औषधी सेवन गर्ने गर्दछु । ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले औषधी उपचार गर्न पनि रकम कम हुन्छ । छोराहरुले कुनै किसिमको आर्थिक सहयोग गर्दैनन् । म हिड्डुल गर्न काम गर्न सक्दिन । श्रीमतीले मेरो हेरविचार गर्दा वाहिर काम गर्न उनीलाई नी समय हुदैन । श्रीमतीको उमेर पनि ७२ वर्ष भयो । उनीले पनि भत्ता पाउछिन र भत्ता बुझेर पैसा दिउला भनेर ऋण गरेर औषधी उपचार र बिहान बेलुका हात मुख जोड्ने गर्छौ । छोरा बुहारी, नाती नातीनाहरुले हेर विचार नगर्दा साह्रै चित्त दुख्छ । अहीले त मेरो ख्याल श्रीमतीले गरेकी छन् । पछि श्रीमती पनि नसक्ने हुदा कसले हामीहरुको हेरविचार गर्छ पिर लाग्छ । सरकारले ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दैन्थ्यो भने त जिवन यापनमा धेरै कठिन हुने थियो । औषधी उपचार पनि गर्न सकिने थिएन । विहान वेलुका जाउलो पनि घरमा पाक्ने थिएन होला । सरकारले ज्येष्ठ नागरिकलाई वृद्ध भत्ताको व्यवस्था गरेर धेरै ठुलो उपकार गरेको छ । अव सरकारले दैनिक रुपमा सेवन गर्नु पर्ने औषधी र धेरै रकम खर्च गर्न पर्ने रोग लाग्दा निशुल्क औषधी उपचारको व्यवस्था भई दिए हामी जस्ता ज्येष्ठ नागरिकहरुलाई जिउन सहज हुने थियो ।*

## ६.११ उत्तरदाताहरुले विताउने समयको विवरण

वृद्ध अवस्थामा प्रवेश गर्दै गर्दा मानिसहरु विस्तारै शारिरिक रुपमा अशक्त वन्दै जाने गर्दछन् । त्यसकारण उनीहरु शारिरिक परिश्रम गर्न सक्दैनन् । उनीहरुलाई दिन विताउन साह्रै कठिन पर्दछ । उत्तरदाताहरुले विताउने समयलाई तलको तालिकामा देखाउन खोजिएको छ ।

**तालिका नं. ६.१० : उत्तरदाताहरुले विताउने समय**

| विवरण | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| वालवालिका हेरविचार गरेर | ८ | ९.६३ |
| घर कुरेर वस्ने | ५३ | ६३.८५ |
| कृषिमा सहयोग गर्ने | २२ | २६.५० |
| जम्मा | ८३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार वालवालिका हेरविचार गरेर समय विताउने उत्तरदाताहरुको संख्या ९.६३ प्रतिशत रहेको पाइयो भने घर कुरेर समय विताउने उत्तरदाताहरुको संख्या ६३.८५ प्रतिशत रहको पाइयो । कृषिमा सहयोग गरेर समय विताउने उत्तरदाताहरुको संख्या २६.५० प्रतिशत रहेको पाइयो । वालवालिका हेरविचार गरेर समय विताउने उत्तरदाताहरुले छोरा बुहारी काम गर्न जाने हुदा आफुहरुले नाति नातिनाको हेरविचार गर्नु पर्ने कुरा वताएका थिए । घर कुरेर वस्ने उत्तरदाताहरुले आफुहरु कुनै किसिमको काम गर्न नसक्ने हुदा घरमै वस्नु पर्ने वाध्यता रहेको कुरा वताएका थिए । कृषिमा सहयोग गर्ने उत्तरदाताहरुले आफुले सामान्य कृषि कर्म गर्न सक्ने हुदा वाख्रा, भैसिलाई घाँस काट्ने, तरकारी लगाउने जस्ता कार्यहरु गर्न गरेको वताएका थिए । यसरी हेर्दा अधिकाश उत्तरदाताहरुको समय घर कुरेर विताउने गरेको पाइयो ।

# अध्याय : सात

# सारांश र निष्कर्ष

## ७.१ अध्ययनको सारांस

प्रस्तुत शोध पत्रमा सरकारले दिने समाजिक सुरक्षा भत्ता अन्तर्गत पर्ने ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको वारेमा केन्द्रित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य ज्येष्ठ नागरिकलाई राज्यले दिने सामाजिक सुरक्षा भत्ताले ज्येष्ठ नागरिकको आर्थिक, सामाजिक र धार्मिक जिवनमा परेको प्रभावको अध्ययन गर्ने र ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैलि र दृष्टिकोणको जानकारी लिने हो । यस अध्ययनमा पोखरा महानगरपालिका वडा.नं ३३ अर्न्तगत पर्ने वर पौवा, वर माझथर, पुढीटार, चवादी र डाडाँगाउँ समुदायमा वसोवास गर्ने ३३६ घर धुरीवाट ज्येष्ठ नागरिक भएका ८३ घर धुरीवाट ८३ वटै घरधुरीलाई नै उत्तरदाताहरुको रुपमा लिएर जनगणना विधिद्धारा तथ्याङ्क संकलन गरिएको छ ।

यस अध्ययनको उद्देश्य प्राप्त गर्नका लागि सिमित अध्ययन क्षेत्रका ज्येष्ठ नागरिकहरुसंग प्रत्यक्ष भेटघाट गरी,अन्तरवार्ता अनुसुची, वैयक्तिक अध्ययन र अवलोकन विधिको प्रयोग गरी प्रथामिक तथ्याङ्कक संकलन गरिएको थियो । त्यसै गरी द्वितीय तथ्याङ्क संकलन विधि मार्फत विभिन्न पत्र पत्रिकमा प्रकाशित रचनाहरु र शोधपत्रहरुवाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययनको कममा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । त्यसका साथ साथै गुणात्मक र संख्यात्मक प्रकृति द्रारा तथ्याङ्क संकलन  गरी तालिका र वृत्त चित्रवाट तथ्याङ्कको प्रस्तुतीकरण र आवश्यकता अनुसार तथ्याङ्क वर्णनात्मक शैलिको प्रयोग  गरिएको छ । यस  अध्ययनलाई संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण सम्बन्धित गरी अध्ययन गरिएको छ । अधिकाश मानिसहरुले आफ्नो युवा र पौढ उमेर आफ्ना परिवारको लागि व्यतित गरेका हुन्छन् । जव उनीहरुको उमेर प्राकृतिक रुपमा नै वढ्यौली तिर ढल्कदै जान्छ तव उनीहरु परिवारका सदस्यहरुवाट हेरविचारको अपेक्षा राख्दछन् । आफुले सोचे जस्तो हेरविचार नपाउदा उनीहरु दुःखी रहेको कुरा वताएका थिए । वि.स २०५१ सालवाट ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भता कार्यक्रम लागु गरियो । त्यस पछि ज्येष्ठ नागरिकहरुलाई केही मात्रमा जिवन निवाह गर्न सहज भयो । अध्ययनको क्रममा

उत्तरदाताहरु ले भत्ताले गर्दा आफुहरुलाई आधारभुत आवश्यकताहरु परिपूर्ति गर्न सहज भएको कुरा वताएका थिए । छोरा छोरी नभएका,छोरा छोरी भएता पनि आमा वुबालाई हेरविचार नगर्ने र आर्थिक रुपमा अत्यन्तै कमजोर भएका ज्येष्ठ नागरिकहरुलाई त यो कार्यक्रम अत्याधिक  लाभदायिक बनेको छ । जति आर्थिक अभाव भएता पनि दु :ख परेता पनि ज्येष्ठ नागरिकहरुको आफ्नो घर परिवार छोडेर आश्रम गएर वस्ने रहर नभएको कुरा वताएका थिए । उत्तरदाताहरुले भत्ता विभिन्न शिर्षकहरुमा खर्च गरेको पाइयो । सामाजिक कार्यमा ,चाडपर्वमा दानदक्षिणा, औषधी उपचार इत्यादि । भत्तामात्र आर्यस्रोत भएका उत्तरदाताहरुलाई जिवन निर्वाह गर्न अलि कठिन भएको र भत्ता वढाई दिए अझ जिवन सहज हुने कुरा वताएका थिए भने कृषि ,पेन्सन अन्य आयस्रोत भएका उत्तरदाताहरुले भत्ता प्रति कुनै किसिमको गुनासो थिएनन् ।

अधिकाश उत्तरदाताहरुले सरकारले ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराइदिए हुने थियो भन्ने कुरा वताएका थिए । नियमित दुई ओटा रोगको औषधी सेवन गर्नु पर्ने उत्तरदाताहरुले भत्ताले औषधी मात्र सम्म खान नपुगेको गुनासो सुनाएका थिए ।

## ७.२ मुख्य प्राप्तीहरु

- उत्तरदाताहरुको उमेरगत स्थिति, उमेर समूह ७०–७५ वर्ष उमेर समूहका ३३.७३ प्रतिशत, ७६-८० वर्ष उमेर समुहका  ३३.७३ प्रतिशत, ८१–८५ वर्ष उमेर समूहका २४.०९ प्रतिशत, ८६–९० वर्ष उमेर समूहका ६.०२ प्रतिशत, ९१–९६ वर्ष उमेर समूहका २.४० प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।
- उत्तरदाताहरुको धार्मिक स्थिति, हिन्दु ९८.६९ प्रतिशत,  बौद्ध १.२० प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको शैक्षिक स्थिति, साक्षार २०.४८ प्रतिशत निरक्षर ७९.५१ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको जातिगत स्थिति, ब्राहमणा जाति २४.०९ प्रतिशत, क्षेत्री ३६.१४ प्रतिशत, मगर १३.२५ प्रतिशत, घर्ति ३.६१ प्रतिशत, कामी ९.६३ प्रतिशत, दमाई ७.२२ प्रतिशत र सार्कि ६.०२ प्रतिशत रहेको पाइयो ।

- उत्तरदाताहरुको वैवाहिक स्थिति, सदुवा ४४.५६ प्रतिशत , विधुवा ४५.७८ प्रतिशत र विधुर ९.६३ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको परिवारिक संरचना, एकल परिवारको संख्या ३१.३२ प्रतिशत, सयुक्त परिवारको संख्या ६८.५७ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको वसोवासको अवस्था, छोरा वुहारीसंग वसोवास गर्न उत्तरदाताहरुको संख्या ६१.४४ प्रतिशत, छोरी ज्वाई संग वसोवास गर्न उत्तरदाताहरुको संख्या ४.८१ प्रतिशत श्रीमान् श्रीमती मात्र वसोवास गर्न उत्तरदाताहरुको संख्या १४.४५ प्रतिशत , एक्लै वसोवास गर्न उत्तरदाताहरुको संख्या १९.२७ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको आम्दानीको स्रोतको विवरण, भत्ता र कृषि आयस्रोत हुने ३६.५० प्रतिशत, भत्ता र पेन्सन हुने १६.८६ प्रतिशत, वृद्ध भत्ता मात्र हुने ५६.६२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको मासिक आम्दानीको विवरण, मासिक आम्दानी १००० देखि २००० हुने उत्तरदाताहरुको संख्या ५६.६२ प्रतिशत, ३०००–५००० मासिक आम्दानी हुने उत्तरदाताहरुको संख्या २१.६८ प्रतिशत , ६०००–८००० मासिक आम्दानी हुने उत्तरदाताहरुको संख्या ४.८१ प्रतिशत, ९००० भन्दा माथि मासिक आयस्रोत हुने उत्तरदाताहरुको संख्या १६.८६ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको लागु पदार्थ , मदक पदार्थ चुरोट सुर्ती सेवन गर्ने ⁄नगर्ने सम्बन्धी विवरण चुरोट सेवन गर्ने १३.२५ प्रतिशत ,सुर्ती सेवन गर्ने ९.६३ प्रतिशत, रक्सी सेवन गर्ने १६.८६ प्रतिशत र मादक पदार्थ, लागु पदार्थं चुरोट सुर्ती सेवन नगर्ने उत्तरदाताहरुको संख्या ६०.२४ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको स्वास्थ्य अवस्था सम्वन्धी विवरण, राम्रो स्वास्थ्य अवस्था हुनेको संख्या २०.४८ प्रतिशत,  नराम्रो स्वास्थ्य अवस्था हुने संख्या ४६.९८ प्रतिशत, ठिकै स्वास्थ्य अवस्था हुने ३०.१२  प्रतिशत र अन्य स्वास्थ्य अवस्था हुने २.४०प्रतिशत रहेको पाइयो ।
- उत्तदाताहरुको नियमित औषधी सेवन गर्ने नगर्ने सम्वन्धी विवरण, नियमित औषधी सेवन गर्ने ४९.३९ प्रतिशत, नियमित औषधी सेवन नगर्ने ५०.६०प्रतिशत रहेको पाइयो ।

- नियमित औषधीमा हुने मासिक खर्च र मासिक औषधीमा खर्च नहुने उत्तरदाताहरुको संख्याको विवरण, ५०० देखि १००० खर्च हुने ३४.९३ प्रतिशत, १००० देखि २००० खर्च हुने ९.६३ प्रतिशत, २००० भन्दा माथि खर्च हुने ४.८१ प्रतिशत र नियमित रुपमा औषधीमा खर्च गर्ने नपर्ने उत्तरदाताहरुको संख्या ५०.६० प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको स्वास्थ्य अवस्थाको विवरण, सहयोग आवश्यक पर्ने १४.४५ प्रतिशत, सहयोगको आवश्यक नपर्ने ८५.५४ प्रतिशत रहेको पाइयो ।
- पुजापाठ गर्ने र नगर्ने उतरदातारुको विवरण, पुजापाठ गर्ने ४३.३६ प्रतिशत, पुजापाठ नगर्ने उत्तरदाताहरुको सख्या ५६.६२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको दान दक्षिण गर्ने नगर्ने सम्बन्धि विवरण, दानदक्षिण गर्ने ७८.३१ प्रतिशत, दानदक्षि नगर्ने २१.६८ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको भता खर्च सम्वन्धी विवरण, भता आफै खर्च गर्ने ३६.१४प्रतिशत, घर परिवारलाई दिने ६३.८५ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको सामाजिक कार्यमा सहयोग गर्ने नगर्ने सम्वन्धी विवरण, सामाजिक कार्यमा सहयोग गर्ने ७५.९०प्रतिशत, भने सहयोग नगर्ने २४.०९प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको न्यूनतम आवश्यकता परिपूति भएको नभएको सम्वन्धी विवरण, पुरा हुने २०.४८ प्रतिशत, पुरा नहुने ७९.५१ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको भत्ताप्रतिको सन्तुष्टि असन्तुष्टि सम्बन्धी विवरण, सन्तुष्टि छु भने उत्तदाताहरुको संख्या ४३.३६ प्रतिशत, सन्तुष्टि छैन भने उत्तरदाताहरुको संख्या ५६.६२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको भत्ता वृद्धि सम्बन्धी विवरण, वृद्धि भए हुन्थ्यो लाग्छ, भने उत्तरदाताहरुको संख्या ६५.०६ प्रतिशत, वृद्धि नभएनी हुन्छ भन्ने उत्तरदाताहरुको संख्या १८.०७ प्रतिशत र अहिले दिएको रकम नै ठिकै छ भने उत्तरदाताहरु १६.८६ प्रतिशत रहेको पाइयो ।
- राज्यले वसोवासको व्यवस्था गरिदिए हुने थियो लाग्ने र नलाग्ने सम्वन्धी उत्तरदाताहरुको धारणा, वसोवासको व्यवस्था गरिदिए हुने थियो भने २०.४८ प्रतिशत, वसोवासको व्यवस्था गरिदिए हुने थियो नलाग्ने ७९.५१ प्रतिशत रहेको पाइयो ।

- एक्लोपन महशुस हुँदा आश्रम जान मन लाग्ने र नलाग्ने सम्वन्धी उत्तरदाताहरुको धारणा, आश्रम जान मन लाग्ने ६.०२ प्रतिशत, आश्रम जान मन नलाग्ने ९३.९७ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको ज्येष्ठ नागरिक ऐन जानकारी सम्बन्धी विवरण, ऐन बारे थाहा छ भने २.४० प्रतिशत, थाहा छैन भने ७९.८६ प्रतिशत , सुनेकै छैन भने २७.७१ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको भत्ता वितरणको अवधिको सम्वन्धी धारणा, महिनै पिच्छे ठिक भन्ने ४६.९८ प्रतिशत, दुई महिना अवधि ठिक भने ६.०२ प्रतिशत, तिन महिना अवधि ठिक ३.६१ प्रतिशत, चार महिना अवधि नै ठिक छ भने ४३.३६ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुको भत्ता बचत सम्बन्धी विवरण, बचत गर्ने ६.०२ प्रतिशत, गर्दिन भने ४०.९६ प्रतिशत र पुग्दैन भने ५३.०१ प्रतिशत रहेको पाइयो ।
- वृद्ध वृद्धाहरु खुशि हुने अवस्थाको विवरण, नसक्ने हुँदा हेरविचार गरिदिए खुशि हुने २४.०९ प्रतिशत, वचन नलाई खान दिए खुशि हुने ४२.१६ प्रतिशत , विरामी हुँदा हेरविचार गरिदिए खुशि हुने ३०.१२ र अन्य ३.६१ प्रतिशत रहेको पाइयो ।
- भत्ता हुदैनथ्यो भने उत्तरदाताहरुको जिवनमा पर्ने प्रभावको विवरण, भोक भोकै मरिने थियो भने १०.८४ प्रतिशत, गाह्रो हुने थियो भने ६५.०६ प्रतिशत, खासै प्रभाव पर्ने थिएन भने २४.०९ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरुलाई सरकारले बनाई दिए हुने थियो लाग्ने नियम सम्वन्धी धारणा, छोरा छोरीले हेला गर्न नपाउने व्यवस्था ६.२२ प्रतिशत, निशुल्क औषधीको व्यवस्था ३७.३४ प्रतिशत, भत्ता बढाई दिने व्यवस्था ४४.५७ प्रतिशत, भत्ता व्यवस्था नहटाए हुने थियो भने १०.८४ प्रतिशत, उत्तरदाताहरु पाइयो ।
- उत्तरदाताहरुले विताउने समयको विवरण, बालबालिका हेरविचार गरेर ९.६३ प्रतिशत, घर कुरेर ६३.८५ प्रतिशत, कृषिमा सहयोग २६.५० प्रतिशत, रहेको पाइयो ।
- ज्येष्ठ नागरिक सम्मान सम्बन्धी धारणा, सम्मान छ भने ४९.३९ प्रतिशत, सम्मान छैन भने ५०.६० प्रतिशत रहेको पाइयो ।
- वृद्ध अवस्थाको अनुभव सम्वन्धी धारणा, वृद्ध भएर बाच्न गाह्रो छ भने ८४.३३ प्रतिशत, गाह्रो छैन भने १५.६६ प्रतिशत रहेको पाइयो ।

## ७.३ निष्कर्ष

अध्ययनको मुख्य विषय ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दृष्टिकोणको बारेमा अध्ययन गर्नु हो । अध्ययनको क्रममा भत्ता वाहेक अन्य आम्दानीको स्रोत नभएका ज्येष्ठ नागरिकहरुलाई जिवन निर्वाह गर्ने सामाजिक सुरक्षा भत्ताले ठुलो भुमिका निर्वाह गरेको छ । वृद्ध अवस्थामा मानिसहरु शारिरिक र मानसिक दुवै रुपमा सक्रिय नहुने हुदाँ धेरै उत्तरदाताहरु घरमा नै सामान्य काम गरेर आफनो समय विताउदा रहेछन् भने केही उत्तरदाताहरु कृषि कार्यमा सक्रिय रहेका छन्, धेरै जसो उत्तरदाताहरुको स्वस्थ्य अवस्था आफ्नो काम आफै गर्ने सक्ने किसिमको थियो भने केही उत्तरदाताहरुको शारिरिक अवस्था पुर्णरुपमा परिवारमा निर्भर रहनु पर्ने थियो । भत्ता वाहेक अन्य आम्दानीको स्रोत नभएका ज्येष्ठ नागरिकहरुलाई भत्ताले मात्र जिवन निर्वाह गर्ने पर्ने हुदाँ कठिन भएको छ ।

भत्ता वाहेक अन्य आम्दानीको स्रोत भएका र छोरा छोरीले पनि आर्थिक सहयोग गर्ने उत्तरदाताहरुलाई भत्ता नभएको भए पनि जिवन निर्वाहमा खासै फरक पर्ने देखियो । अवलोकनको क्रममा लगभग पचास प्रतिशत उत्तरदाताहरुले नियमित रुपमा औषधी सेवन गर्दा रहेछन् । नियमित रुपमा एउटा भन्दा बढी रोगको औषधि सेवन गर्ने उत्तरदाताहरुलाई भत्ताको पैसाले औषधी सेवन गर्न सम्म पनि नपुग्ने हुदा सरकारले वृद्ध भत्ता संगसंगै ज्येष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराई दिए हुने थियो । केही उत्तरदाताहरुले सरकारले दिएको भत्ताबाट नै बिहान बेलुका ज्याउलो खान पुऱ्याएका रहेछन् । भने केहि उत्तरदाताहरुले आफुले पाएको भत्ताको रकमले चुरोट, सुर्ति, रक्सी खाएर सिध्याउने रहेछन् । भत्ता बुझ्रे पछि केहि रकम उत्तरदाताहरुले नाति नातिन, छोरा बुहारी, छोरी ज्वाई आदिलाई दिने गर्दा रहेछन् । केहि उत्तरदाताहरुले भत्ता घरपरिवारका सदस्यहरुलाई दिने गर्दा रहेछन । एक्लै बसोवास गर्ने उत्तरदाताहरुले भत्ताले आफ्नो गुजारा चलाएर बसोबास गरेका रहेछन् ।

अवलोकनको क्रममा उत्तरदाताहरुले घर परिवारका सदस्यहरुले एक छाक आफुले जस्तो खान्छन त्यस्तै वचन नलगाई खान दिए खुशी हुने रहेछन् । धेरै जसो उत्तरदाताहरुको छोरा छोरीले बेवास्था गरेका रहेछन् । यस्ता उत्तरदाताहरु अत्यन्तै दुःखी रहेका छन् । अन्य आम्दानीको कुनै पनि स्रोत नभएका उत्तरदाताहरुलाई चौमासिक रुपमा भत्ता कुर्नु पर्दा

दैनिकी गुजारा गर्न कठिन भएको छ । भत्ता बाहेक अन्य आए स्रोत हुने, पेन्सन हुने र छोरा छोरीले पनि हेर विचार पुऱ्याउने उत्तरदाताहरुलाई भत्ताले कुनै किसिमको प्रभाव परेको देखिएन तर भत्ता मात्र आय स्रोत हुने छोरा छोरीले हेर विचार नगर्ने आर्थिक अवस्था कमजोर भएका जेष्ठ नागरिकहरुको लागि भत्ता जिवन निर्बाहको बलियो आधार वनेको छ ।

# सन्दर्भग्रन्थ सूचि


अधिकारी, किशोर(२०१३), *स्टेट अफ स्याटिसफ्याक्शन अफ ओल्ड एज पिपुल इन द फेमेली,* डिपाटमेन्ट अफ सोसियो एण्ड एनथोपोलोजि , पृश्वी नारायण क्याम्पस पोखरा ।

अधिकारी, कलावति (२०६८), *आश्रममा आश्रित वृद्ध वृद्धाको जिवन शैलीको विद्यमान अवस्था,* समाजशास्त्र/ मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस पोखरा ।

थापा, शशी (२०६२), *पशुपति वृद्धाश्रममा आश्रित वृद्धहरुको समाजशास्त्रीय अध्ययन,* अप्रकासीत शोध पत्र समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिभुवन विश्व विद्यालय ।

महत, कटक बहादुर(२०७२), *जेष्ठ नागरिकको हेर विचार तथा सहयोगका सवाल,* वृद्ध आवाज प्रकाशक, पोखरा वृदाश्रम ।

प्रधान, छत्र (२०६५), *नयाँ संविधानमा ज्येष्ठ नागरिक,* कान्तिपुर राष्ट्रय दैनिक, पुस ३, विहिवार ।

प्रधान, छत्र (२०६५), *जेष्ठ नागरिकको चिन्ता,* कान्तिपुर राष्ट्रिय दैनिक, मंसिर १६, विहिवार ।

विष्ट, प्रेमसिंह (२००१), *टुवार्ड वयलकियर अफ द विथ रिफन्स नेपाल,* पपुलेशन एण्ड डेभलपमन्ट इन नेपाल ।

यादव, रामवरण (२०६९), *अन्तराट्रिय वृद्ध दिवस अन्नपुर्ण पोष्ट,* असोज १६, पेज नं. ५ ।

रा.स.स (२०६९), *दुई तिहाई वृद्धहरु विकाससील देशमा गोरखापत्र,* असोज १०, पेज नं. ५ ।

शर्मा अमृता (२०६९), *आश्रममा वृद्धवृद्धाहरुको जिवन शैली,* समाजशास्त्र/मानवशास्त्र विभाग , पृश्वीनारायण क्याम्पस पोखरा ।

ज्ञवाली , राम प्रसाद (२००५), *जेष्ठ नागरिकको सवाल सबैको सरोकार,* १५औं अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस अक्टोवर १को सर्न्दभमा प्रस्तुत मस्यौदा ।

पराजुली, विश्वकल्याण (२०६५), *ज्येष्ठ नागरिक बुढ्यौलिले निम्त्याएका सामाजिक सवालहरु,* अन्तराष्ट्रिय दिवसको अवसरमा आयोजित गोष्ठिमा छलफलका लागि प्रस्तुत मस्यौदा ।

पौडेल,अच्युत (२०६९) *ज्येष्ठ नागरिक सामाजिक सुरक्षाको दृष्टिमा,* स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पृथक छापाखाना मनमैजु काठमान्डौं ।

www.dopm.gov.ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३

Asher G Mukul And Kimura Fukunari (2015), *Strengthening Social Protection In East Asia,* Routledage Tyloar & Fransis Group, London And New York.

Chalise, HN (2006), *Demographic Situation Of Population Ageing In Nepal* , Kathmandu University Medical Journal.

Dahal, Bhola(2007), *elderly People in Nepal What Happened after MIPPA 2007,* Nepal Participatory Action Network UNSCAP 2007.

Doranga , Tank (2007), *The Socio-Economic Constrains Of Older People Health Condition*, Unpublished Master Thesis p.u Nepal.

Irudaya S. Rajan ,(2008), *Social Security For The Elderly, Experiences From South Asia*, Routledge Tyloar & Francis Group, New Delhi.

Parker, Sara, Khatri, Rose, Cook, Gian, and Pant[2] Bijan(2014), *Theorizing Aging in Nepal: Beyond the Biomedical Model;* Canadian Journal of Socilogy/Cashiers Canadiens de Sociologie 39, (2)

Shrestha, L(2012) *Genatric Health in Nepal Concerns and Experience*,Department of Community Medicine, Nepalese Army Institute of Health Science, Kathmandu Nepal.

# अनुसुची : एक

## ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले ज्येष्ठ नागरिकहरुको जिवन यापनमा परेको प्रभाव

### पोखरा महानगरपालिका वडा नं. ३३ भरतपोखरीको एक अध्ययन

## प्रश्नावली अनुसुची

१. उत्तरदाताहरुको व्यक्तिगत विवरण

नाम र थर.................................

लिङ्ग........................................

जात......................................

धर्म........................................

ठेगाना..........................जिल्ला........................वडा

२. शैक्षिक स्थिति

क) शाक्षर ☐ ख) निरक्षर ☐

३. वैवाहिक स्थिति

क) सदुवा ☐ ख अविवाहित ☐ ग) विधुवा ☐ घ) विधुर ☐

४. परिवारको सदस्य संख्या

क) महिला ☐ ख) पुरुष ☐

५ परिवारको प्रकार

क) एकल ☐ ख)संयूक्त ☐

६. परिवारको पेशा

क) कृषि ☐ ख) व्यवसाय ☐ ग)जागिर ☐

घ) वैदेशिक रोजगार ☐ ङ) अन्य ☐

७. तपाई कोसँग बस्नु हुन्छ?

क) छोरा/बुहारी ☐ ख) छोरी/ज्वाँई ☐

ग) एक्लै ☐ घ) अन्य ☐

८. तपाई घरमा के गरी समय विताउनु हुन्छ ?

क) वालवालिका हेरचाह गरेर ☐ ख) घर कुरेर ☐

ग) कृषिमा सहयोग ☐ घ)अन्य ☐

९.तपाइको आम्दानी स्रोत छ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने के हो..............................

१०. तपाइको मासिक आम्दानी कति हुन्छ ?

क) १०००-२००० ☐ ख) ३०००-५००० ☐

ग) ६०००-८०००० ☐ घ) ९००० भन्दा माथि ☐

११. तपाईको स्वास्थ्य स्थिति कस्तो छ ?

क) राम्रो ☐ ख) ठिकै ☐ ग) नराम्रो ☐ घ) अन्य ☐

१२. तपाई नियमित रुपमा औषधी सेवन गर्नु हुन्छ ।

क) गर्छु ☐ ख) गर्दिन ☐

१३. नियमित औषधिमा कति रकम खर्च हुन्छ ?

क) ५००-१००० ☐ ख) १०००-२००० ☐

ग) २००० माथी ☐ घ) हुदैन ☐

१४. खाना खान हिड्डुल गर्न व्यक्तिगत सरसफाई गर्न अरुको सहयोग आवश्यक पर्छ कि पर्दैन ।

क) पर्छ ☐ ख) पर्दैन ☐

१५. के तपाई विहान साँझमा पुजापाठ गर्नु हुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐

१६. तपाई तिर्थस्थल जानु हुन्छ ?

क) जान्छु ☐ ख) जादिन ☐

१७. टाढा टाढाको तिर्थ घुमघाम गर्न जान मन लाग्छ कि लाग्दैन ?

क) लाग्छ ☐ ख) लाग्दैन ☐

१८. वृद्ध भत्तावाट प्राप्त रकमलाई धार्मिक स्थलमा गएर दान अर्थात् भेटी स्वरुप चढाउनु हुन्छ ?

क) चढाउछु ☐ ख) चढाउदिन ☐

१९. चाड पर्वमा दक्षिणा गर्नको निम्ति भत्ताको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐

२०. वाटो निर्माण पाटिपौवा निमार्ण, मठ मन्दिर निर्माण इत्यादि सामाजिक कार्यमा भत्ताको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐

२१. तपाइले भत्ता आफै खर्च गनु हुन्छ कि परिवारलाई दिनु हुन्छ ?

क) आफै खर्च गर्छु ☐ ख) परिवारलाई दिन्छ ☐

२२. जेष्ठ नागरिक सामाजिक सुरक्षा (वृद्ध भत्ता)ले के तपाईका न्यूनतम आवश्यकता परिपूर्ति गरेको छ त?

क) छ ☐ ख) छैन ☐

२३. सरकारले दिने मासिक भत्तामा तपाई सन्तुष्टि हुन्छ ?

क) छु ☐ ख) छैन ☐

२४. वृद्ध भत्ता वढे हुने थियो जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ☐ ख) लाग्दैन ☐ ग) ठिकै छ ☐ घ) अन्य ☐

२५. भत्ता जोगाएर केहि (गरगहना) लगाउनु रहर छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

२६. सरकारले वृद्धवृद्धाहरुलाई हेरचाह गर्न आश्रम निर्माण गरेर राख्ने व्यवस्था भए हुन्थ्यो जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ☐ ख) लाग्दैन ☐

२७. एक्लोपन महशुष हुदा कहिले कहि वृद्ध आश्रम गएर वस्न पाए नि हुन्थ्यो जस्तो लाग्छ ?

क) लाग्छ ☐ ख) लाग्दैन ☐

२८. जेष्ठ नागरिक अधिकार संग सम्वन्धित के कस्ता ऐनहरु (नियम कानुन) बनेका छन् हजुरलाई थाहा छ ?

क) छ ☐ ख) छैन ☐

२९. वृद्ध भएर बाच्न गाह्रो छ ?

क) छ ☐ ख) छैन ☐

३०. तपाई वृद्ध भत्ता वचत गर्नु हुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐ ग) पुग्दैन ☐

३१. तपाइको चुरोट, सुर्ति, मादक पदार्थ सेवन गर्ने वानी छ?

क) छ ☐ ख) छैन ☐

यदि छ भने ..........................................................................................

३२. तपाईलाई भत्ता वितरणको अवधि कति कति महिनामा वितरण गरे ठिक लाग्छ ?

क) महिना पिच्छे ☐ ख) दुई महिना ☐

ग) तीन महिना ☐ घ) चौमासिक ☐

३३. तपाईको विचारमा वृद्धवृद्धाहरु परिवारमा खुसी र शुखी रहन परिवारका सदस्यले कस्तो भुमिका निर्वाह गर्नु पर्छ जस्तो लाग्छ ?

..............................................................................................................

३४. मासिक भत्ताको व्यवस्था हुदैनथ्यो भने जिवनयापन कस्तो प्रभाव पर्ने थियो ?

..............................................................................................................

३५. यदि मासिक भत्ताको सट्टा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य, यातायात जस्ता सेवाहरु निःशुल्क प्रदान गर्दा ठिक हुने थियो कि यसमा तपाईको विचार कस्तो छ ?


..............................................................................................................

३६. ज्येष्ठ नागरिकहरुको लागी सरकारले कस्तो नियम वनाई दिए हुने थियो लाग्छ ?

..............................................................................................................

# अनुसुची : दुई

## अध्ययन क्षेत्रको नक्सा




**Source: Ganthan.com**




**Source: Google.com**